# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३५२ | काठमाडौं | बिहीबार, ०४ वैशाख २०८२ | Prabhab National Daily | Thursday, April 17, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**वैदेशिक रोजगारमा जानुपूर्व ध्यान दिनुपर्ने कुरा**

- श्रम स्वीकृती लिएरमात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारमा जाँदा गर्ने काम, लाग्ने खर्च र पाउने सेवा सुविधाको यकिन गरौं,
- वैदेशिक रोजगार व्यवसायीको आधिकारिकताका बारेमा सचेत बनौं,
- भिषा तथा श्रम स्वीकृतिको सुनिश्चिततापछि मात्र कानूनले तोकेबमोजिम रकम बुझाऔं र बुझाएको रकमको अनिवार्य भरपाई लिऔं,
- वैदेशिक रोजगारमा जाने देशको भाषा, संस्कृति, रीतिरिवाज र कानूनका बारेमा जानकारी प्राप्त गर्न अनिवार्य रुपमा अभिमूखीकरण तालिम लिऔं,
- सूचिकृत स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराऔं,
- नेपाल सरकारद्वारा स्वीकृत कम्पनीमा जीवन बीमा गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## कांग्रेस एमालेको हानथापले गभर्नर नियुक्तिमा ढिलाइ



प्रक्रिया अगाडि बढेको छ । सिफारिस समिति बनेको छ । सिफारिस समितिले छलफल गरेर प्रक्रिया अगाडि बढाउँछ । दलहरूका बीचमा समस्या हुनुपर्ने विषय नै हैन यो ।

■ **रमेश लेखक**
गृहमन्त्री



गभर्नर नियुक्ति ढिला भएकै छ । चाँडोभन्दा चाँडो नियुक्त गर्दै छौं । यो मिलिजुली सरकार हो, सरकारमा कांग्रेस-एमालेसहित अन्य थुप्रै पार्टी छन् । यस्तो महत्त्वपूर्ण विषयमा आ-आफ्नो चासो हुनसक्छ

■ **पृथ्वीसुब्बा गुरुङ**
प्रवक्ता, नेपाल सरकार



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मुलुकको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकमा गभर्नर खाली भएको १० दिन बितिसकेको छ । तर सत्तारुढ दलभित्रै आफूनिकटकालाई यो पद दिने भन्ने विवादले गभर्नर नियुक्तिमा ढिलाइ भएको देखिन्छ ।

नेपाली कांग्रेसले जसरी पनि आफूनिकटलाई गभर्नर बनाउन चाहेको देखिन्छ । सरकारको नेतृत्व गरिरहेको दल एमाले पनि गभर्नर आफ्नै पोल्टामा राख्न चाहन्छ । यही हानथापका कारण चैत २४ देखि रिक्त गभर्नर पद सरकारले नियुक्त गर्न नसकेको हो । गभर्नरकै कारण सरकारमा हलचल आएको र दुई दरबीच दूरी बढेकोसमेत बताइन्छ ।

गभर्नर नियुक्ति ढिला हुनुका कारण मिलिजुली सरकार भएको सरकारका प्रवक्तासमेत रहेका सूचना तथा सञ्चार प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ बताउँछन् । 'गभर्नर नियुक्ति ढिला भएकै छ । यो मिलिजुली सरकार हो, सरकारमा कांग्रेस एमालेसहित अन्य थुप्रै पार्टी छन् । यस्तो महत्त्वपूर्ण विषयमा आ-आफ्नो चासो हुनसक्छ,' मन्त्रिपरिषद्को निर्णय सुनाउँदै प्रवक्ता गुरुङले बुधबार भने । उनले प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाबीच यो विषयमा सहमति भइसकेको दाबी गर्दै राजनीतिक संयन्त्रको बैठकपछि टुंगो लाग्नेसमेत बताए ।

बुधबार साँझ उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठक पनि बस्यो । तर बैठकले गभर्नर नियुक्तिमा कुनै ठोस निर्णय गरेन । संयन्त्रका संयोजक कांग्रेस उपसभापति पूर्णबहादुर खड्का र महामन्त्री गगन थापा भने बैठकमा उपस्थित नै भएनन् । गृहमन्त्री रमेश लेखकले छलफल राम्रै भएको र दुई दलबीच कुनै समस्या नरहेको दाबी गरे । त्यसैगरी उनले गभर्नर नियुक्तिको विषयमा छनोट समितिले काम गरिरहेको तर्क गरे । 'प्रक्रिया अगाडि बढेको छ । सिफारिस समिति बनेको छ । सिफारिस समितिले छलफल गरेर प्रक्रिया अगाडि बढाउँछ । दलहरूका बीचमा समस्या हुनुपर्ने विषय नै हैन यो,' गभर्नर नियुक्ति विवादबारेको प्रश्नमा लेखकले भने ।

गृहमन्त्रीले भनेझैं चैत ११ गतेको मन्त्रिपरिषद्ले उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलको नेतृत्वमा तीन सदस्यीय गभर्नर छनोट समिति गठन गरेको थियो । उक्त समितिमा पूर्वगभर्नर विजयनाथ भट्टराई र योजना आयोगका पूर्वउपाध्यक्ष विश्व पौडेल रहेका छन् । गभर्नर नियुक्तिमा दुई ठूला दलको रस्साकस्सी जारी रहे पनि छनोट समितिको बैठक भने एक पटक पनि बस्न सकेको छैन ।

गभर्नरकै लागि नबिल बैंकको प्रमुख कार्यकारी अधिकृत (सिइओ) बाट राजीनामा दिएका ज्ञानेन्द्र ढुंगाना, राष्ट्र बैंककै कर्मचारी गुणाकर भट्ट र नीलम ढुंगानाको नाम अघि सारिएको छ । जसमा ज्ञानेन्द्र र गुणाकर कांग्रेसका र डेपुटी गभर्नर निलम एमालेका 'क्यान्डिडेट' हुन् । कांग्रेसका नेताहरू नियुक्तिमा सन्तुलन हुनुपर्ने माग राख्दै ज्ञानेन्द्र या गुणाकरलाई अघि सार्न चाहन्छन् ।

नेपाल विद्युत् प्राधिकरणदेखि विभिन्न स्थानमा एमालेले नियुक्ति लिएकोले गभर्नर छाड्न नहुने कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतको भनाइ छ । 'नियुक्तिमा दुई पार्टीको सन्तुलन मिलाउनुपर्छ भन्ने नै हो,' प्रवक्ता महतले भने ।


क्रमशः पृष्ठ २ मा


# शिक्षा विधेयकबारे सरकार र सभामुखकै कुरा बाझियो

## शिक्षकहरू थप आक्रोसित, आन्दोलन नरोकिने



■ **जेबी योञ्जन**

**काठमाडौं–** सरकारले माग सम्बोधन गर्ने भन्दै आन्दोलन रोक्न गरेको आग्रहलाई आन्दोलनरत शिक्षकहरूले अस्वीकार गरेका छन् । विद्यालय शिक्षा विधेयक संसद्को आगामी बजेट अधिवेशनबाट पारित हुने सम्भावना नदेखेपछि उनीहरूले आन्दोलनलाई निरन्तरता दिने बताएका हुन् ।

मंगलबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले शिक्षकहरूसँग यसअघि भएका सम्झौता कार्यान्वयन गर्ने निर्णय गर्दै शिक्षकहरूलाई विद्यालय फर्कन आह्वान गरेको थियो । सोही बैठकले शिक्षकहरूले उठाएको मुख्य माग 'विद्यालय शिक्षा विधेयक' पारित गर्नेसमेत प्रयोजनका लागि यही वैशाख १२ गते संघीय संसद्को बजेट अधिवेशन आह्वान गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णयसमेत गरेको थियो । उक्त निर्णयबमोजिम शिक्षामन्त्री विद्या भट्टराईले शिक्षकहरूलाई आन्दोलन रोकेर विद्यालय फर्कना आग्रह गरेकी थिइन् ।

तर, सभामुख देवराज घिमिरेले आगामी संसद्को अधिवेशनबाट विधेयक पारित गरेर शिक्षकका माग सम्बोधन गर्न सम्भव नरहेको बताएका छन् । बुधबार उनको यस्तो अभिव्यक्ति सार्वजनिक गरेका हुन् । घिमिरेले बजेट अधिवेशनमा बजेटसम्बन्धी विषय नै बढी प्राथमिकता दिनुपर्ने भएकाले शिक्षकका माग सम्बोधन गर्नसक्ने अवस्था नरहेको बताए । 'अब आह्वान भएको अधिवेशनले पनि शिक्षा विधेयकलाई तुरुन्तै एक नम्बरको बुँदामा राखेर टुंग्याएर अर्को विषयमा जानु सम्भव छैन । किनभने बजेट अधिवेशनले बजेटसँग सम्बन्धित विषयलाई नै प्राथमिकता दिनुपर्छ,' गृहजिल्ला झापा पुगेका उनले बुधबार भने ।

यसरी सरकार र सभामुखको कुरा नै एकआपसमा बाझिएपछि शिक्षकहरू थप आक्रोशित भएका छन् । विधेयक पारितका लागि सडक प्रदर्शन गरेर देशभरका शिक्षकहरू १५ दिनदेखि आन्दोलित छन् । उनीहरूको एक सूत्रीय माग विधेयक पारित गरियोस् भन्ने छ । विधेयक पारित नहुञ्जेलसम्म आन्दोलन नरोक्ने शिक्षकहरूको अडान छ ।

संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले पनि बजेट अधिवेशन सुरु भएको पहिलो साता नै विद्यालय शिक्षा विधेयक पेस गर्न नसकिने बताएका छन् । उनले प्रक्रियाअनुसार जाँदा पनि जेठमा मात्र सम्भव हुने बताए । यता शिक्षकहरू भने विद्यार्थी भर्ना अभियान, एसइईको परीक्षा जाँचसँगै कक्षा १२ को परीक्षा बहिष्कार गरेर आन्दोलित छन् । शिक्षा क्षेत्र तहसनहसको अवस्थामा छ । यस्तोबेला समिति सभापति थापाले शिक्षकहरूको मागअनुसार शिक्षा विधेयक जारी संसद्को बजेट अधिवेशनबाट विधेयक पारित हुन नसक्ने प्रस्ट पारे ।

'माननीय छविलाल विश्वकर्मा संयोजक रहेको संसदीय उपसमितिले १९ वैशाखमा प्रतिवेदन बुझाउँछ ।


क्रमशः पृष्ठ २ मा




अब आह्वान भएको अधिवेशनले पनि शिक्षा विधेयकलाई तुरून्तै एक नम्बरको बुँदामा राखेर टुंग्याएर अर्को विषयमा जानु सम्भव छैन । किनभने बजेट अधिवेशनले बजेटसँग सम्बन्धित विषयलाई नै प्राथमिकता दिनुपर्छ ।

■ **देवराज घिमिरे**
सभामुख



विधेयक छिटो पारित गरियोस् भन्ने मागलाई सम्बोधन गर्न हिजो (मंगलबार) को मन्त्रिपरिषद् बैठकले वैशाख १२ गते त्यही विषयलाई सम्बोधन गर्नेगरी संसद् बैठक आह्वान गरेको छ ।

■ **विद्या भट्टराई**
शिक्षामन्त्री



उहाँहरूले त्यसो भनेर शिक्षकहरूलाई झन् उत्तेजित पार्नुभयो । हामी त ऐन नलिई नजाने भनेर आन्दोलनमा बसेको मान्छे । उहाँहरूले सम्भव छैन भन्दा हामी टेर्दैनौं ।

■ **लक्ष्मीकिशोर सुवेदी**
अध्यक्ष, नेपाल शिक्षक महासंघ

**सन्दर्भ: वैदेशिक रोजगार**

# सीपमूलक तालिम सञ्चालन गर्दै वैदेशिक रोजगार बोर्ड

■ **ममता थापा**

**काठमाडौं–** वैदेशिक रोजगार बोर्डले युवाहरूका लागि व्यावसायिक सीपमूलक तालिम सञ्चालन गर्ने भएको छ । चालु आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति, उनीहरूका परिवार र वैदेशिक रोजगारीमा जान इच्छुकहरूलाई लक्षित गरी तालिम सञ्चालन गर्न लागिएको बोर्डले जानकारी दिएको छ ।

बोर्डका अनुसार यो तालिम देशभर ५५ जिल्लाका २३२ स्थानीय तहमा सञ्चालन गरिने छ । बोर्डले विभिन्न तालिमप्रदायक संस्थासँग सहकार्य गरेर तालिम सञ्चालन गर्न लागेको हो ।

बोर्डको प्रशिक्षण, अध्ययन तथा अनुसन्धान शाखाअन्तर्गत सञ्चालन हुँदै आएको तालिममा यसपटक अघिल्लो वर्षभन्दा झण्डै चार गुणा बढीलाई सहभागी गराउने तयारीमा बोर्ड रहेको छ । उक्त शाखाका शाखा अधिकृत सञ्जय अधिकारीका अनुसार अघिल्लो आर्थिक वर्षमा छ हजार जना सहभागी हुने अपेक्षा गरिएकोमा पाँच हजार ६० जनाले तालिम लिएका थिए । यसपटक २० हजारभन्दा बढी तालिममा सहभागी हुने अपेक्षा गरिएको छ ।

वैशाख १५ गतेबाट तालिम सञ्चालन गर्ने भनिए पनि त्यसअघि पनि सञ्चालन गर्न सकिने अधिकारीले बताए । 'कतिपय स्थानीय तहले पहिलादेखि नै तालिमको विषयमा सूचना निकालेर प्रचारप्रसार, छनोटजस्ता प्रक्रिया गरेकाले तयारी पुगेकाहरूले १५ गतेभन्दा अगाडि नै सञ्चालन गर्न सक्छन्,' उनले भने ।

उक्त सीपमूलक तालिममा २९ वटा संस्थाले तालिम दिने अधिकारीले बताए । तालिमप्रदायक संस्थाहरूका लागि बोर्डले गत चैत २९ गते अभिमुखीकरण गोष्ठी सञ्चालन गरेको थियो । ती संस्थाहरूले पेन्टर, मेसन, स्टिल फिक्सर, इलेक्ट्रिसियन, स्काफफोल्डर, प्लम्बर, हेल्पर, जुनियर ब्युटिसिएन, किचेन हेल्परलगायत १५ प्रकारका व्यावसायिक तालिम दिने छन् । तालिममा निःशुल्क सहभागी हुनसक्ने बोर्डले जानकारी दिएको छ ।





- देशभरका ५५ जिल्लाका २३२ स्थानीय तहमा तालिम हुने
- २० हजारभन्दा बढीलाई तालिम दिने लक्ष्य
- २९ वटा संस्थाले १५ थरीका सीप सिकाइने
- सहभागीलाई १५ घण्टाको उद्यमशीलता तालिम अनिवार्य
- महिलाका लागि 'गार्मेन्ट मेसिन अपरेटर'को छुट्टै तालिम

एक महिनाको तालिममा प्रत्येक दिन छ घण्टा अनिवार्य सहभागी हुनुपर्ने छ । 'बोर्डले तालिमको प्रकृति हेरेर पाठ्यक्रम बनाएको छ । न्यूनतम १६० देखि अधिकतम १८० घण्टाका तालिमहरू छन् । तालिम अवधि फरक-फरक छ- ब्युटिसियन १८० घण्टाको हो । प्लम्बर, मेसन १६० घण्टाको हुन्छ,' शाखा अधिकृत अधिकारीले भने ।

बोर्डले सन् २०२३ यता निरन्तर तालिम दिइरहेको जानकारी दिएको छ । त्यसभन्दा अगाडि सञ्चालनमा आए पनि निरन्तर भने नभएको जनाइएको छ । 'तालिम सञ्चालन हुन थालेको पाँच-छ वर्ष नै भइसक्यो । पछिल्लो तीन वर्षयता भने निरन्तर सञ्चालनमा छ,' अधिकारीले भने । यसपटकबाट तालिममा सहभागीले उद्यमशीलता तालिम पनि लिनुपर्ने भएको छ । पन्ध्र घण्टाको उद्यमशीलता तालिम सबैलाई अनिवार्य गरिएको छ । यसले वैदेशिक रोजगारीमा गएर आउनेहरूलाई जागिर खाने प्रवृत्तिबाट बाहिर निकालेर उद्यमी बनाउन सहयोग पुर्‍याउने बोर्डको भनाइ छ ।

तालिम सञ्चालन गर्ने संस्थाहरू आवश्यक तयारीपछि स्थानीय तहमा पुग्छन् । त्यहाँ स्थानीय तहसँग समन्वय गरेपछि तालिम दिइनेबारे सूचना निकालिन्छ ।


क्रमशः पृष्ठ २ मा





# बालबालिका क्षेत्रलाई राज्यले प्राथमिकतामा राख्नुपर्नेमा जोड

**काठमाडौं (प्रस)**– बालबालिका क्षेत्रका विज्ञ तथा अधिकारकर्मीले बाल संवेदनशीलताको विचार गरी बालबालिका क्षेत्रलाई राज्यको प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका छन् । राष्ट्रिय बालअधिकार परिषद्ले यहाँ बुधबार आयोजना गरेको 'बालबालिकाका लागि लगानी तथा बजेट वृद्धि' विषयक संवाद कार्यक्रममा विज्ञहरूले बालअधिकार संरक्षण र प्रवर्द्धनका लागि सरकारका तीनवटै तहबाट बालबालिकामा हुनुपर्ने लगानीको प्रक्षेपण गर्नुपर्ने माग गरे ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगकी सदस्य गीताकुमारी पौडयाल अधिकारीले विगतको तुलनामा पछिल्लो समयमा बालबालिकाको क्षेत्रमा सुधार हुँदै गएको तथ्य प्रस्तुत गरिन् । यद्यपि बालबालिकाका क्षेत्रमा राज्य, सरकार, समाज र परिवारले अझै धेरै कार्य गर्नुपर्ने उनको भनाइ छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव तथा बाल संरक्षण तथा विकास शाखाका प्रमुख दीपक ढकालले बालबालिकाका क्षेत्रमा हुने लगानीको लेखाजोखा गर्नका लागि बालबालिका उत्तरदायी बजेट संकेत प्रणाली लागू गर्नेबारे मन्त्रालयले तयारी गरिरहेको जानकारी दिए । बालबालिकाको क्षेत्रमा क्षेत्रगत लगानी वृद्धि गर्ने, बालबालिकामैत्री पूर्वाधार विकास गर्ने र बालमैत्री शासन प्रणाली अवलम्बन गर्ने कार्यमा मन्त्रालयले सक्रियताका साथ काम गरिरहेको उनको भनाइ छ ।

सरकारी निकायलगायत बालबालिकाका क्षेत्रमा लगानी गर्ने विकास साझेदार एवं राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको लगानीमा क्षेत्रगत एकद्वार प्रणालीको अवलम्बन गर्नुपर्नेमा उनले जोड दिए । बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अधियानका महासचिव तिलोतमा पौडेलले आगामी आर्थिक वर्ष २०८२/८३ मा बालबालिकाका क्षेत्रमा सरकारले बजेट बढाउनुपर्नेमा ध्यानाकर्षण गराए ।

एकीकृत हातेमालो समाज नेपालका अध्यक्ष डिल्लीराम गिरीले भने, 'बालबालिकासँग सम्बन्धित मन्त्रीले बालबालिकाका निम्ति छुट्याइएको बजेट कटौती गरेर आफ्नो निर्वाचन क्षेत्रमा लानुभएको छ, मेरो आग्रह छ, सरकारले त्यसो गर्नु हुँदैन, बरु बालबालिकाका निम्ति अझै बजेट बढाउनुपर्छ ।' परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँले परिषद्ले चालु आर्थिक वर्षमै सडक बालबालिकामुक्त गर्ने उद्देश्यले तीव्ररूपमा काम गरेको बताए ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले हराएर फेलापरेका तीन हजार १०७ बालबालिकालाई परिवारमा पुनर्मिलन गराएको छ । मन्त्रालयले चालु आवको सुरुदेखि अहिलेसम्म देशभर हराएका तीन हजार ६९८ (बालक एक हजार २६ र बालिका दुई हजार ६७२) बालबालिकाको खोजतलास गरी फेलापरेका तीन हजार १०७ (बालक ८८३ र बालिका दुई हजार २२४) जनालाई परिवारमा पुनर्मिलन गराएको हो । बाल हेल्पलाइन नं १०९८ नेपाल सञ्चालन तथा व्यवस्थापनको सहयोगले हराएकामध्ये ८४.०१ बालबालिका फेला परेको मन्त्रालयको भनाइ छ ।

पृष्ठ १ बाट क्रमशः

## शिक्षा विधेयकबारे...

समय अझै छ । अनि, अधिवेशन सुरु भएको पहिलो साता नै विधेयक संसद्मा पेस गर्न कसरी सकिन्छ ?,' उनले भने । शिक्षामन्त्री भट्टराईले बुधबार भिडियो सन्देश जारी गर्दै शिक्षकका माग सम्बोधन गर्न सरकारले संसद्को बजेट अधिवेशन आह्वान गरेको बताएकी थिइन् । 'विधेयक छिटो पारित गरियोस् भन्ने मागलाई सम्बोधन गर्न हिजो (मंगलबार) को मन्त्रिपरिषद् बैठकले वैशाख १२ गते त्यही विषलाई सम्बोधन हुनेगरी संसद् बैठक आह्वान गरेको छ,' उनले भनिन् ।

शिक्षकका अरु माग सम्बोधन गर्न पनि मन्त्रालयले सहजीकरण समिति बनाएर संवाद गरिरहेको उनको भनाइ छ । तर, विद्यालय शिक्षा विधेयक पारित गर्ने संसद्का सभामुख घिमिरे र विधेयक विचाराधीन रहेको संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्राविधि समिति सभापति थापाले भने आह्वान गरिएको बर्खे अधिवेशनबाट विधेयक पारित नहुने बताएका हुन् ।

यससँगै आन्दोलनरत शिक्षकहरू थप अन्योलमा परेका छन् । तर, आन्दोलनको नेतृत्व गरिरहेको नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले विद्यालय शिक्षा ऐन नलिइकन विद्यालय नफर्किने अडान लिए । उनले भने, 'उहाँहरूले त्यसो भनेर शिक्षकहरूलाई झन् उत्तेजित पार्नुभयो । हामी त ऐन नलिइन नजाने भनेर आन्दोलनमा बसेको मान्छे । उहाँहरूले सम्भव छैन भन्दा हामी टेर्दैनौं ।' उनले विधेयक पारित नहुञ्जेलसम्म काठमाडौंमा आन्दोलन गरेरै बस्ने चेतावनी दिए । राज्य गैरजिम्मेवार भएको उनको भनाइ छ ।

'विद्यार्थी भर्ना अभियान, एसइई परीक्षाको कापी जाँचदेखि कक्षा १२ को परीक्षा बहिष्कार गरेका छौं, हुन्छ त,' उनले प्रभावसँग भने, 'सरकारले संसद्को चारवटा अधिवेशन हुँदा पनि विधेयक जारी गर्न नसक्ने ? त्यति काम पनि गर्न नसक्ने हो भने किन जिम्मेवारी लिएर बस्ने ?' संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा झण्डै १८ महिनादेखि विधेयक छलफलको क्रममा छ । २७ भदौ २०८० मा सरकारले विधेयक संसद्मा दर्ता गरेको थियो । संसद्ले २५ असोज २०८० मा समितिमा पठाएको हो । समितिमा विधेयकका प्रावधानउपर दफावार छलफल चलिरहेको छ । संविधानतः संविधान जारी भएको तीन वर्षभित्र ऐन बनाइसक्नुपर्छ । तर, संविधान जारी भएको नौ वर्ष हुँदासम्म विधेयक अझै संसदीय समितिमै छलफलको नाममा अड्किएको छ । सरकारले अध्यादेशबाटै भए पनि छिटो विधेयक पारित गर्नुपर्ने माग शिक्षकहरूको छ । विधेयक पारित भएर ऐनको रूप लिए शिक्षा र शिक्षकका सवालहरू सम्बोधन हुने शिक्षकहरूको विश्वास छ ।

■■■

## कांग्रेस एमालेको ...

मंगलबारमात्रै सर्वोच्च अदालतले गभर्नर नियुक्तिमा ६५ वर्षे उमेर हद हटाइएको मापदण्ड तत्काल कार्यान्वयन अल्पकालीन आदेश जारी गरेको छ । यससँगै गभर्नरको दौडमा रहेका रवीन्द्र पाण्डे र पूर्वमुख्यसचिव राजेन्द्रकिशोर क्षेत्री उक्त दौडबाट बाहिरिसकेका छन् । गभर्नरको मापदण्डमा ३० वर्ष र कार्यकारी प्रमुखबाहेक अन्य पदाधिकारी र सदस्यको हकमा ३५ वर्ष उमेर पूरा भई ६५ वर्ष ननाघेको हुनुपर्ने व्यवस्था छ ।

■■■

## सीपमूलक तालिम...

इच्छुक स्थानीयले निवेदन दिन्छन् । ती निवेदनमाथि छनोट समितिले विदेश गएर आएको व्यक्ति हो/होइन, विदेश गएकाको परिवार हो/होइन, विदेश जान इच्छुक छ/छैन जस्ता कुरा हेरेर छनोट भएका व्यक्तिलाई तालिम दिइन्छ ।

### महिलाका लागि विशेष तालिम

यस कार्यक्रमअन्तर्गत बोर्डले वैदेशिक रोजगारीमा जाने महिलाहरूलाई लक्षित गरेर प्रदेशस्तरीय 'गार्मेन्ट मेसिन अपरेटर'को तालिम सञ्चालन गर्दै छ । सातवटै प्रदेशमा सञ्चालन हुने यो तालिम ८८० जनालाई दिने बोर्डको योजना छ । कैलालीको धनगढी, कञ्चनपुरको वेदकोट, बर्दियाको मधुवन, कपिलवस्तुको शिवराज, दाङको तुलसीपर, चितवनको भरतपुर, काठमाडौंको टोखा, मकवानपुरको हेटौंडा, झापाको अर्जुनधारा, सर्लाहीको बरहथवा, नवलवरासी पूर्वको कावासोतीलगायत स्थानमा यो तालिम सञ्चालन गरिने बोर्डले जानकारी दिएको छ । यसमा सहभागीहरूको खाने, बस्ने र होस्टेल खर्च सबै बोर्डले व्यहोर्ने जनाइएको छ ।

**माइग्रेसन हरायो**

मिति २०८१/१०/२२ गते अत्तरीयादेखि धनगडीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परीक्षा बोर्डको माईग्रेसन सर्टिफिकेट हराएको हुदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय तथा मेरो निम्न ठेगानामा बुझाईदिनु हुन अनुरोध गर्दछु ।

**नाम : बिनोद सिंह**
**दर्ता नं.: ७७२७९४०३७**
**ठेगाना : गोदावरी-१, कैलाली**
**सम्पर्क नं.: ९८४२२३३३४३**

**माइग्रेसन हरायो**

मिति २०८१/१०/२२ गते अत्तरीयादेखि धनगडीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परीक्षा बोर्डको माईग्रेसन सर्टिफिकेट हराएको हुदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यलय तथा मेरो निम्न ठेगानामा बुझाईदिनु हुन अनुरोध गर्दछु ।

**नाम : निराजन सिजापती**
**दर्ता नं.: ८०७७१०१३०४९१**
**ठेगाना : गोदावरी-१, कैलाली**
**सम्पर्क नं.: ९८६८७१७१३४**

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Yatra H.R. Solution Pvt. Ltd.** इजाजत नम्बर १०९६/०७३/७४ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| SN | NAME | CITIZENSHIP NO. | POSITION |
|---|---|---|---|
| 1 | Somraj Chhetri | 1393/0426 | Manager |
| 2 | Balkrishna Karki | 391027/74 | Manager |
| 3 | Iman Sing Tamang | 113640 | PRO |
| 4 | Ujjwal Thokar Tamang | 36908-211041 | PRO |
| 5 | Susma Adhikari | 28-02-075-1872 | Documentation |
| 6 | Shirjana Bist | 75-01-74-13735 | Receptionist |

**YATRA H.R. SOLUTION** LIC 1096/073/74
Old Baneshwor-09, Kathmandu, Nepal, T: +977-1-4114682, +977-1-4114683, 9851046305
Email:- info@yatrahrsolution.com, yatrahr2017@gmail.com, Web: www.yatrahrsolution.com

**कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८२/०१/०४ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८२ बैशाख १९ गते शुक्रबार**का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**न्यूरोड पाको शाखा**

| १. ऋणीको विवरण | लिलाम हुने सम्पतिको विवरण |
|---|---|
| प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार वाण्जिय तथा आपूर्ति मन्त्रालय वाण्जिय विभाग काठमाण्डौमा मिति २०६६/०८/०२ मा प्रा.फ.र.नं. ९०५८४/०६६/०६७ कायम भई दर्ता रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३० स्थित रजिष्टर्ड कार्यालय रहेको **जय भिमसेन एस.टेड्रस** **प्रोप्राईटर - सुरेश लाल श्रेष्ठ** | १. **सुरेश लाल श्रेष्ठ**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ३ स्थित कित्ता नं. ८२४ र ८२५ को क्षे.फ ०-०-२.५ र ०-०-२.२५. बिगाहा जग्गा तथा सोको सम्पुर्ण लिगलगापात । |

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **सुरेश लाल श्रेष्ठ**
ना.प्र.नं.- ४०१९
जारी मिति - २०३९/१२/१५ जि.प्र.का. मकवानपुर
बाबु - भिम लाल श्रेष्ठ
बाजे - भिम बहादुर श्रेष्ठ
स्थायी ठेगाना- मकवानपुर जिल्ला, हेटौडा न.पा., वडा नं. ३ (साविक हेटौडा न.पा., वडा नं. २ )
हालको ठेगाना- ऐ.ऐ

२. **कल्पना श्रेष्ठ**
ना.प्र.नं.- २९४४८
जारी मिति - २०५१/०३/०२, जि.प्र.का. मकवानपुर
बाबु - देव बहादुर श्रेष्ठ
पति - सुरेश लाल श्रेष्ठ
स्थायी ठेगाना- मकवानपुर जिल्ला, हेटौडा न.पा., वडा नं. ३ (साविक हेटौडा न.पा., वडा नं. २ )
हालको ठेगाना- ऐ.ऐ

३. **ईजन श्रेष्ठ**
ना.प्र.नं.-३१-०१-७२-०३८३३
जारी मिति -२०७२/०५/१३, जि.प्र.का. मकवानपुर
बाबु -सुरेश लाल श्रेष्ठ
बाजे - भिम लाल श्रेष्ठ
स्थायी ठेगाना- मकवानपुर जिल्ला, हेटौडा न.पा., वडा नं. ३ (साविक हेटौडा न.पा., वडा नं. २ )
हालको ठेगाना- ऐ.ऐ

**बरहथवा, सर्लाही शाखा**

**१. ऋणीको विवरण**

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७९/०१/१२ मा दर्ता नं. २८९९१४/७८/०७९ कायम भई दर्ता रहेको सर्लाही जिल्ला, ब्रम्हपुरी गा.पा. वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **जानकी मत्स्य फर्म प्रा.लि. ।**
**सञ्चालकहरू -:**
- **चिन्ता साह**
- **उदय कुमार साह**

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **चिन्ता साह**
ना.प्र.नं.- ९१११२८१६
जारी मिति - २०५५/०६/०१ जि.प्र.का. सर्लाही
बाबु - राम पुकार साह तेली
बाजे - मुखलाल साह
ससुरा - राम बाबु साह तेली
श्रीमान - उदय कुमार साह
स्थायी ठेगाना- सर्लाही जिल्ला, गोडैता न.पा., वडा नं. ०९
हालको ठेगाना- सर्लाही जिल्ला, ब्रहमपुरी गा.पा. वडा नं ०६

२. **राम झरौख देवी**
ना.प्र.नं.- ०४५९१९६१
जारी मिति - २०४४/१२/०७, जि.प्र.का. सर्लाही
बाबु - पुनित साह तेली
बाजे - निरसु साह
ससुरा - जानकी साह
श्रीमान - राम बाबु साह तेली
स्थायी ठेगाना- सर्लाही जिल्ला, गोडैता न.पा., वडा नं. ०९
हालको ठेगाना- सर्लाही जिल्ला, ब्रहमपुरी गा.पा., वडा नं. ०६

३. **उदय कुमार साह**
ना.प्र.नं.- ०४५९२४७७
जारी मिति - २०५२/०४/२३, जि.प्र.का. सर्लाही
बाबु - राम बाबु साह
बाजे - जानकी साह
स्थायी ठेगाना- सर्लाही जिल्ला, बग्दह गा.वि.स., वडा नं. ०४
हालको ठेगाना- सर्लाही जिल्ला, ब्रहमपुरी गा.पा., वडा नं. ०६

४. **राम बाबु साह तेली**
ना.प्र.नं.- ०४५९१९६०
जारी मिति - २०५६/०५/०७, जि.प्र.का. सर्लाही
बाबु - जानकी साह
स्थायी ठेगाना- सर्लाही जिल्ला, बग्दह गा.वि.स., वडा नं. ०४
हालको ठेगाना- सर्लाही जिल्ला, ब्रहमपुरी गा.पा., वडा नं. ०६

**लिलाम हुने सम्पत्तीको विवरण**

१. **उदय कुमार साह**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, बग्दह गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १००४, १००६ र १००८ को क्षे.फ. क्रमशः,०-०-१४, ०-०-१९ र ०-१-१४ (बि.क.धु) ऐ.ऐ सेखौना गा.वि.स. वडा नं ३ स्थित कित्ता नं. ३६२ र ३७२ को क्षे.फ. क्रमशः, ०-४-० र ०-२-१५ (बि.क.धु) र ऐ.ऐ सेखौना गा.वि.स. वडा नं १ख स्थित कित्ता न ६५३ को क्षे.फ. ०-९-१४ (बि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।

२. **राम झरौख देवी**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, रामवन गा.वि.स., वडा नं. ९ स्थित कित्ता नं. ६७, १६६, १६७, २३ र २५ को क्षे.फ. क्रमशः ०-६-११, ०-३-१८, ०-०-१४, ०-१-१५ र ०-१-१० (बि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।

**मुसिकोट, रुकुम (पश्चिम) शाखा**

| १. ऋणीको विवरण | लिलाम हुने सम्पत्तीको विवरण |
|---|---|
| **श्रीमती गायत्री प्याकुरेल**<br>ना.प्र.नं.- ५४९/२५२१<br>जारी मिति - २०५३/०९/०८, जि.प्र.का. दाङ<br>बाबु - देवीराम बस्नेत<br>पति - राजु प्याकुरेल क्षेत्री<br>स्थायी ठेगाना- दाङ जिल्ला, तुल्सीपुर न.पा., वडा नं. ०५<br>हालको ठेगाना- रुकुम(पश्चिम) जिल्ला, मुसिकोट न.पा., वडा नं. ०१ | १. **श्रीमती गायत्री प्याकुरेल**को नाममा मालपोत कार्यालय, तुल्सीपुर दाङमा दर्ता कायम रहेको दाङ जिल्ला, लाहुरेचौर गा.वि.स/न.पा वडा नं. २ख स्थित कित्ता नं. ३८६९ र ३८७१ को क्षे.फ. क्रमशः ७.५० र ७७.५० (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

१. **राजु प्याकुरेल क्षेत्री**
ना.प्र.नं.- १५/७११
जारी मिति - २०४६/०१/१२, जि.प्र.का. दाङ
बाबु - कृष्ण बहादुर प्याकुरेल क्षेत्री
बाजे - मान बहादुर प्याकुरेल
स्थायी ठेगाना- दाङ जिल्ला, तुल्सीपुर न.पा, वडा नं. ०५
हालको ठेगाना- रुकुम (पश्चिम) जिल्ला, मुसिकोट न.पा. वडा नं. ०१

२. **बेदराज प्याकुरेल**
ना.प्र.नं.- ५२२०२९/७९२१
जारी मिति - २०६९/०९/०६, जि.प्र.का. दाङ
बाबु - राजु प्याकुरेल क्षेत्री
बाजे - कृष्ण बहादुर प्याकुरेल क्षेत्री
स्थायी ठेगाना- दाङ जिल्ला, तुल्सीपुर गा.वि.स/उ.म.न.पा, वडा नं. ०६
हालको ठेगाना- रुकुम (पश्चिम) जिल्ला, मुसिकोट न.पा. वडा नं. ०१

**कोल्पुटार, नुवाकोट शाखा**

| १. ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग,घरेलु तथा साना उद्योग कार्यालयमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७२/०६/१४ मा दर्ता नं.४२२३/०७२/०७३ दर्ता कायम भई धादिङ्ग जिल्ला, बैरेनी गा.वि.स. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **लामा ट्राउट माछापालन कृषी तथा पशुपंक्षी फर्म ।**<br>**प्रोपाईटर कान्छा तमाङ** | १. **कान्छा तामाङ**को नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला, बैरेनी गा.वि.स. वडा न. ०४/क स्थित कित्ता नं. ८०, ८२, ८६ र १५० को क्षेत्रफल ३१-५-०-३, ६-११-०-१, १४-२-१-३ र १३-१-२-२ (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **कान्छा तामाङ**
ना.प्र.नं.- १९७३५
जारी मिति: २०५४/०१/२९, जि.प्र.का. धादिङ्ग
बाबु: जितबहादुर तामाङ
पत्नी: फुन्डी तामाङ
स्थायी ठेगाना: धादिङ्ग जिल्ला, बैरेनी गा.वि.स. वडा नं. ४
हालको ठेगाना: धादिङ्ग जिल्ला, गल्छी गा.पा., वडा नं. ५

२. **फुन्डी तामाङ**
ना.प्र.नं.- १५०५४,
जारी मिति: २०६०/१०/१४ जि.प्र.का. धादिङ्ग
बाबु: भिमा सिंह तामाङ
पति: कान्छा तामाङ
ससुरा: जितबहादुर तामाङ
स्थायी ठेगाना: धादिङ्ग जिल्ला, बैरेनी गा.वि.स. वडा नं. ४
हालको ठेगाना: धादिङ्ग जिल्ला, गल्छी गा.पा., वडा नं. ५

३. **पाल्तेन लामा**
ना.प्र.नं.- १/४७३४२
जारी मिति: २०६८/०३/२७, जि.प्र.का. धादिङ्ग
बाबु: कान्छा तामाङ
आमा: फुन्डी तामाङ
बाजे: जितबहादुर तामाङ
स्थायी ठेगाना: धादिङ्ग जिल्ला, गल्छी गा.पा., वडा नं. ५
हालको ठेगाना: धादिङ्ग जिल्ला, गल्छी गा.पा., वडा नं. ५

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८२ बैशाख १८ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८२बैशाख १९ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८२ बैशाख १९ गते शुक्रबार मध्यान्ह १२:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

# मेडिकल कलेजको सिट र शुल्क पुनरावलोकन गर्न कार्यदल

**काठमाडौं (प्रस)–** सरकारले निजी मेडिकल कलेजमा एमबिबिएस र बिडिएसको सिट संख्या तथा शुल्क संरचना पुनरावलोकन गर्ने भएको छ । यसका लागि बुधबार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव डा. दीपक काफ्लेको संयोजकत्वमा ११ सदस्यीय कार्यदल गठन गरेको छ ।

प्रधानमन्त्री एवं चिकित्सा शिक्षा आयोगका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा बुधबार बसेको चिकित्सा शिक्षा आयोगको १८औं बैठकले कार्यदल गठन गर्ने निर्णय गरेको हो । कार्यदललाई १० दिनभित्र राय सुझाव पेस गर्ने कार्यादेश तोकिएको छ ।

कार्यदलमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. विकास देवकोटा, त्रिभुवन विश्वविद्यालयअन्तर्गत चिकित्सा शिक्षा शास्त्र संकायका डीन डा. मोहन शर्मा, काठमाडौं विश्वविद्यालयअन्तर्गत चिकित्सा शास्त्र संकायका डीन डा. मनोज हुमागाईं, विज्ञहरू डा. भगवान् कोइराला, डा. रमेशकान्त अधिकारी, डा. दिव्यासिंह शाह, डा. मंगल रावल, नेपाल मेडिकल कलेजका अध्यक्ष डा. अनिल कार्की र एसोसिएसन अफ प्राइभेट मेडिकल तथा डेण्टल कलेजका अध्यक्ष डा. ज्ञानेन्द्र कार्की सदस्य रहेका छन् ।

एसोसिएसन अफ प्राइभेट मेडिकल तथा डेन्टल कलेजले आवासीय चिकित्सकलाई सरकारीसरह निर्वाहभत्ता उपलब्ध गराउन कठिनाइ हुने विषयमा सरकारको ध्यानाकर्षण गराएको थियो । विद्यार्थीहरूले उक्त भत्ता नपाए पुनः आन्दोलन गर्ने चेतावनी दिएपछि प्रधानमन्त्री ओलीले बुधबार आयोगको बैठक बोलाएका हुन् ।

यसअघि गत माघ २५ गतेको आयोगको १६औं बैठकले आवासीय चिकित्सकहरूको आन्दोलनको माग सम्बोधन गर्दै निजी मेडिकल कलेजले सरकारीसरह (आठौं तह)को मासिक ४८ हजार ५०० रूपैयाँ निर्वाहभत्ता कायम गर्नुपर्ने निर्णय गरेको थियो । सिट संख्या र शुल्क वृद्धिका विषयमा कार्यदलले अध्ययन गरी सुझाव पेस गरेपछि निजी मेडिकल कलेजले सोहीअनुसार आयोगबाट तोकिएको निर्वाहभत्ता दिनुपर्ने र विद्यार्थी भर्नासम्बन्धी 'म्याचिङ' सुरु हुने जानकारी दिइएको छ ।

# स्वास्थ्य परिचय नम्बर प्रणाली लागू गर्ने तयारी

काठमाडौं (प्रस)- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नागरिकको स्वास्थ्यसम्बन्धी सबै विवरण भएको प्रणाली लागू गर्ने तयारी गरेको छ । सबै विद्युतीय चिकित्सा विवरण एउटै प्रणालीमा ल्याउन एकीकृत विद्युतीय चिकित्सा प्रणाली लागू गर्ने निर्णय गरेका स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले त्यसलाई मद्दत पुग्नेगरी व्यक्तिका सबै स्वास्थ्य विवरण एकै ठाउँमा रहनेगरी 'युनिक हेल्थ आइडी' निर्माणको तयारी थालेका छन् ।

यसका लागि बुधबार मन्त्रीस्तरीय निर्णय गर्दै उनले मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा. सरोज शर्माको नेतृत्वमा सुझाव समिति गठन गर्ने निर्णय गरेका छन् । समितिमा मन्त्रालयको नीति योजना तथा अनुगमन महाशाखा, कानुन तथा फैसला कार्यान्वयन महाशाखा तथा पञ्जीकरण विभागका प्रतिनिधि छन् ।

यसैगरी सूचना प्रविधि परामर्शदाता इञ्जिनियर शशांकश्री न्यौपाने, स्वास्थ्य बिमा बोर्ड, विश्व स्वास्थ्य संगठन तथा नेपाल उद्योग परिसंघका प्रतिनिधि पनि समितिमा छन् । समितिको सदस्यसचिवमा मन्त्रालयका सूचना प्रविधि निर्देशक रमेशराज सुवेदी छन् । समितिलाई स्वास्थ्य पहिचान नम्बर सिर्जना गर्ने विधि, प्रक्रिया तथा अल्गोरिदम अध्ययन गरी प्रस्ताव गर्न कार्यादेश दिइएको छ ।

यसैगरी राष्ट्रिय परिचयपत्र, स्वास्थ्य बिमा प्रणाली तथा नेपाल सरकारबाट जारी भएका मान्यताप्राप्त परिचयपत्रसँग आवश्यक अनुसन्धान गर्न पनि भनिएको छ । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार मन्त्रालयले समितिबाट प्राप्त विस्तृत सुझावसहितको प्रतिवेदन दिएपछि थप प्रक्रिया अघि बढ्ने छ ।

विश्वका विभिन्न देशमा हरेक व्यक्तिको अलग्गै स्वास्थ्य परिचय नम्बरको व्यवस्था गरिएको छ । यसले व्यक्तिका स्वास्थ्यसम्बन्धी सबै विवरण एकतृत हुने र यसले उपचार तथा राज्यलाई नागरिकको स्वास्थ्य तथ्यांकका आधारमा कार्यक्रम र योजना तर्जुमा गर्न मद्दत मिल्ने विज्ञहरूको भनाइ छ । समितिका सदस्य इञ्जिनियर न्यौपानेले विद्यमान विद्युतीय चिकित्सा अभिलेख कार्यान्वयन र विद्युतीय माध्यमबाट सहज स्वास्थ्य सुविधा दिन नयाँ व्यवस्था लागू हुन सके मद्दत पुग्ने बताए ।

# सुखानी वन क्षेत्रमा भेटियो नयाँ प्रजातिको चरा

**काठमाडौं (प्रस)–** नेपालका लागि नयाँ प्रजातिको चरा अभिलेख गरिएको छ । इलाममा समुद्री सतहबाट ३०० मिटर उचाइमा रहेको सुखानी वन क्षेत्र 'भिओलेट कुक्कू' नामको चरा अभिलेख गरिएको नेपाल पन्छीविद् संघले जानकारी दिएको छ ।

चराविद् राजेन्द्र गुरुङसमेतको टोलीले चरा अवलोकनका क्रममा गत चैत २५ गते पहिलोपटक बिहान सुखानी वन क्षेत्रमा उक्त प्रजातिको भाले चरा देखेको थियो । सोही दिन सोही स्थानमा पटक-पटक एक रुखबाट अर्को रुखमा उड्दै बस्दै गरेको अवस्थामा एक घण्टाभन्दा बढी समयसम्म उक्त चरालाई अवलोकन गरिएको थियो ।

चरा अवलोकन गर्ने क्रममा गुरुङका साथमा रहेका मलेसियन नागरिक अलेक्जेण्डर जोन एंग याङले आवाज पहिचान गरी चरालाई पहिल्याएका थिए । टोलीमा रहेका अर्का मलेसियन नागरिक रोगर रोबर्ट राजह र नेपाली चराविद् अनिस तिम्सिनाले पनि सो भाले चरालाई अवलोकन गरेको संघद्वारा बुधबार जारी विज्ञप्तिमा उल्लेख छ ।

टोलीका सदस्यहरूले चराको फोटो र भिडियो खिचेर प्रारम्भिक पहिचान गरेका थिए । चैत २८ गते सो चराको यकीन पुस्टयाइँका लागि चराविद् गुरुङले चराको विवरणसहित फोटो नेपाल चरा तथ्यांक समितिमा पठाएका थिए । समितिले प्राप्त विवरणहरूको अध्ययन गर्दै, राष्ट्रिय अन्तर्राष्ट्रिय पन्छीविद्हरूसँग पनि रायसुझाव संकलन गरी नयाँ चराको अभिलेख गरेको समितिका अध्यक्ष डा. तुलसी सुवेदीले जानकारी दिए ।

उक्त चराको नेपाली नाम बेजनी कोइली राखिएको छ । यो चरा भुटान, फिलिपिन्स, सिंगापुर, ब...गलादेश, ब्रुनाइ, चीन, भारत, इन्डोनेसिया, लाओस, मलेसिया, म्यानमार, थाइल्यान्ड र भियतनाममा आवासीयरूपमा पाइन्छ भने यसले भुटान, फिलिपिन्स, सिंगापुरमा प्रजनन गर्दछ । विश्वमा यस चराको दुई उपप्रजाति अभिलेख भएका छन् । यो सँगै नेपालको अभिलेखमा चरा प्रजातिको संख्यामा एउटा प्रजाति थप भएको छ र अब नेपालमा जम्मा चरा प्रजातिको संख्या ८९९ पुगेको छ ।


## कुवेतमा रोजगार
कम्पनी : ABNB food supplies company

पूर्व स्वीकृति मिति : २०८१/04/३२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/03 | LT. No. 308965 | चलानी नं. ६०२२३६५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | INDOOR CLEANER | 5 | 0 | 95 | ४२,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Helper | 15 | 0 | 120 | ५३,५६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ११ गते (24th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ERN EXPRESS Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## मलेसियामा रोजगार
कम्पनी : RISING STAR FORCE SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/०५/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०३ | LT. No. 291388 | चलानी नं. ६०२०६५६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1500 | ४६,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ११ गते (24th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FC श्रम ईजाजत नं. १५८९/०७९/०८०
Friendship And Cooperation Recruitment Pvt.Ltd
Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-014493647
E-mail: fcmanpower1589@gmail.com

## साउदीमा रोजगार
कम्पनी : Al Kayan Al Qaim General Contracting Establishment

पूर्व स्वीकृति मिति : २०८१/१०/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/03 | LT. No. 317430 | चलानी नं. ६०२३१६८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 6 | 0 | 1200 | ४४,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ११ गते (24th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Star Overseas Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com
श्रम ईजाजत नं. २५७/०५८/०५९

## धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०१/०४ गते

यस माछापुच्छ्रे बैंक लि. चन्द्रपुर शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८०/०८/१४ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ०८ (आठौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ ।

**तपसिल**

**ऋणीको नाम, ठेगाना**

**रामदेव राय यादव**
ना.प्र.नं. ६२५८, जि.प्र.का. रौतहट, जारी मिति : २०६१/०१/१३
बाबु : राम असिश राय यादव, बाजे : जगुराय यादव
ठेगाना : रौतहट जिल्ला, पिप्रा पोखरीया गा.वि.स. वडा नं. ३

**व्यक्तिगत जमानतकर्ताहरू**

| १. रामदेव राय यादव | २. गीता कुमारी |
|---|---|
| ना.प्र.नं. ६२५८, जि.प्र.का. रौतहट | ना.प्र.नं. १९१, जि.प्र.का. रौतहट, जारी मिति : २०६३/१२/१६ |
| जारी मिति : २०६१/०१/१३ | बाबु : मोसाफिर राय यादव |
| बाबु : राम असिश राय यादव, बाजे : जगुराय यादव | पति : रामदेव राय यादव, ससुरा : राम असिश राय यादव |
| ठेगाना : रौतहट जिल्ला, पिप्रा पोखरीया गा.वि.स. वडा नं. ३ | ठेगाना : रौतहट जिल्ला, पिप्रा पोखरीया गा.वि.स. वडा नं. ३ |

**धितोमा रहेको सम्पत्तिको विवरण**

जगुराय यादवको नाति, राम असिश राय यादवको छोरा, रौतहट जिल्ला, पिप्रा पोखरीया गा.वि.स. वडा नं. ३ बस्ने रामदेव राय यादवको नाममा मालपोत कार्यालय रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, पिप्रा पोखरीया गा.वि.स. वडा नं. ३ र ४ स्थित कि.नं. १२८ र ९५८ को क्षेत्रफल क्रमशः ०-३-० (वि.क.धु.) र ०-४-१५.५ (वि.क.धु.) को घर जग्गा तथा रौतहट जिल्ला, हथियाही गा.वि.स. वडा नं. ७ ख स्थित कि.नं. १९२ को क्षेत्रफल ०-६-७ (वि.क.धु.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरू**

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक/"क" वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पुनश्च :** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : | बोलपत्र खोलिने मिति, समय र स्थान : |
|---|---|
| २०८२/०१/१० बुधबार कार्यालय समय सम्म<br>शाखा कार्यालय, चन्द्रपुर | २०८२/०१/११ बिहीबार दिनको ३:३० बजे<br>शाखा कार्यालय, चन्द्रपुर |

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, चन्द्रपुर

## Barju Rural municipality
## Office Of Rural Municipal Executive
Amhivelha Sunsari
Koshi Province, Nepal

### Invitation for Bids for the as per table below.

**Contract Identification No: BRM/SUNSARI/SQ/GOODS/5/2080/81 and Re-BRM/SUNSARI/SQ/GOODS/5/2081/82**

**Date of publication: 17-04-2025**

1. **Barju Rural Municipality** invites electronic bids from Nepalese eligible bidders for the Procurement of medicine and surgical items for Barju Rural Municipality and Re-Bid, Apangata bhayeko byakti haru ko laagi sahayak samagri kharid.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Barju Rural Municipality, Amahibelha, Sunsari. or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC Asia Bank Limited. Inaruwa Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: **2432050027873004**
   Rajaswa (revenue) Shirshakno. :AANTRIKRAJASWA KHATA-BARJU GAUPALIKA
4. Pre-bid meeting shall not be held.
5. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02-05-2025 13:00 at the office of Barju Rural Municipality Amahibelha, Sunsari. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for **30 days** beyond the validity period of the bid. Or cash deposit the bid security amount.
   Name Of the bank :NIC Asia Bank Limited. Inaruwa Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: **243CA50017628005**

**Account Name : DHARAUTI KHATA-BARJU GAUNPALIKA**

| S.N. | Name of Project | Contract Id. No. | Total Estimate Amount (Excluding VAT & Contingencies) | BidSecurity Amount NRs. | Bid Document Amount(NRs.) |
|---|---|---|---|---|---|
| 1 | Procurement of medicine and surgical items for Barju Rural Municipality. | BRM/SUNSARI/SQ/GOODS/5/2080/81 | 2172534 | 55000.00 | 1,000.0 |
| 2 | Re-Bid, Apangata bhayeko byakti haru ko laagi sahayak samagri kharid | Re-BRM/SUNSARI/SQ/GOODS/5/2081/82 | 1295426.40 | 35000 | 1000 |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# सरकार, शिक्षकलाई कति दिन अल्मल्याउने ?

विद्यालयहरूमा नयाँ सत्रको कक्षा सुरू गर्ने समय भइसकेको छ । निजी विद्यालयले धमाधम विद्यार्थी भर्ना लिइरहेको बेला सरकारी शिक्षकहरू भने काठमाडौंमा आन्दोलनरत छन् । यस्तो बेला नयाँ कक्षामा उक्लने तयारीमा रहेका विद्यार्थी के सोच्दा हुन् ?

शिक्षकको जम्माजम्मी एउटै माग छ– शिक्षा ऐन जारी गर्नु । तर विधेयक बनाउन दिनरात खटेको बताउने संसद् र संसदीय समितिले यसबारे केही बोलेको छैन । सदनलाई बिजनेस दिने सरकार कानमा तेल हालेर बसेको छ । शिक्षामन्त्री विद्या भट्टराई निरीह देखिन्छन् । उनले मंगलबारको मन्त्रिपरिषद्को बैठकपछि शिक्षकहरूको माग सम्बोधनका लागि सरकारले वैशाख १२ गते सदन बोलाएको बताएकी थिइन् । योसँगै शिक्षकलाई कर्मथलो फर्कन अनुरोध गरेकी थिइन् । १४ दिनसम्म सडकमा शान्तिपूर्ण आन्दोलन गरिरहेको शिक्षकलाई सरकारको यो प्रस्ताव ठाडै अस्वीकार गरे ।

यही मेसोमा सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले पनि शिक्षकलाई काममा फर्कन आग्रह गरे । यता सभामुख देवराज घिमिरेले भने बजेट अधिवेशनमा अरु विधेयकबारे छलफलको सम्भावना कमै रहेको बताएका छन् । शिक्षकको माग नै प्रस्ट नभएको दाबी गर्दै सभामुख घिमिरेले आन्दोलनरत शिक्षकलाई उत्तेजित पार्ने हिसाबले कानुन सडकबाट नबन्ने तर्क पेस गरेका छन् । सरकारसँग वार्तामै नबस्ने तपाईंहरूले बनाउने हो र कानुन ? सभामुखले प्रश्न गरेका छन् । शिक्षकहरूले सुरूबाटै प्रधानमन्त्री केपी शर्मा ओलीसँगमात्र वार्तामा बस्ने अडान राखेका छन् । कारण हो, ओलीको उटपटचाङपूर्ण अभिव्यक्ति । शिक्षकलाई होच्याएर अभिव्यक्ति दिएकै कारण ओलीसँग आमनेसामने हुन चाहेका देखिन्छन् शिक्षकहरू ।

तर प्रधानमन्त्री ओली, सभामुख घिमिरे र सम्बन्धित मन्त्रीको बोली पनि एउटै सुनिन्छ । यसरी हेर्दा वर्तमान सरकार जसरी पनि शिक्षकको आवाजलाई वास्तै नगर्नेगरी अगाडि बढेको देखिन्छ । के शान्तिपूर्ण आन्दोलनमा उत्रेका शिक्षकलाई यसरी नै बेवास्ता गरिरहने हो ? कुनै पनि मागको सुनुवाइका लागि तोडफोड नै गर्नुपर्ने हो ? बन्द, आगजानी नै गर्नुपर्ने हो ? अहिले सरकारमाथि गम्भीर प्रश्न उठिसकेको छ । शिक्षकका मागहरू सबै पूरा गर्न सक्ने अवस्था पनि हुन्न होला । यसका लागि सरकारले कम्तीमा पनि वार्ताको वातावरण बनाउनुपर्ने हैन र ? शिक्षकलाई जथाभावी भन्ने, आन्दोलन भड्काउने खालको अभिव्यक्ति सरकारमा रहेका व्यक्तिहरूले दिएको सुहाउँदैन । यसैले सरकार, शिक्षकलाई सकेसम्म चाँडो विद्यालय वातावरण बनाऊ । विद्यार्थीको भविष्य बर्बाद नबनाऊ ।

# बैंकिङ व्यवसायलाई उद्यमशीलताको भर



■ रिसव गौतम

धेरैजसो उद्यमीलाई आफ्नै स्रोतमार्फत पुँजी पुर्‍याउन गाह्रो हुन्छ । किनकि उनीहरूलाई वित्तीय ज्ञान र व्यवस्थापनको अभाव पनि हुनसक्छ । त्यसकारण पुँजीविना अर्थात् ऋणविना उद्यमीहरूलाई कोष जुटाउन गाह्रो हुन्छ । उनीहरूको प्राथमिक स्रोत नै बैंकबाट प्राप्त गर्ने ऋण नै हो । ऋण प्रवाह गर्नुबाहेक पनि बैंकहरूले विभिन्न तवरले उद्यमीहरूलाई सघाइरहेका हुन्छन् । जस्तो बैंकले पैसा र सम्पत्ति सुरक्षित राखिदिन भूमिका खेल्छ ।

अरु व्यवसाय जस्तो बैंकिङ संस्थाहरू नाफामात्रै आर्जन गर्ने व्यवसाय होइन । विश्वभर बैंकिङका नयाँ-नयाँ अवधारणा लागू छन् । बैंकिङले नाफामात्रै नभएर सामाजिक उत्तरदायित्व, उद्यमशीलता वृद्धि, वित्तीय साक्षरता, आर्थिक विकास र वृद्धि, आर्थिक सन्तुलन र पर्यावरण संरक्षणसम्मलाई ध्यान दिनुपर्छ भनेर भन्न थालिएको छ । खासगरी उद्यमशीलताको विकास र प्रवर्द्धनमा त बैंकहरूले महत्त्वपूर्ण भूमिका खेल्छन् नै ।

त्यसले गर्दा अन्यन्त्र बैंकिङलाई उच्च सम्मानपूर्वक हेरिन थालिएको छ । खासगरी अमेरिका, चीनजस्ता व्यापारको जगमा सम्पन्न भएका देशहरूमा बैंकहरूको ब्याजदर अत्यन्त न्यून छन् । तर नेपालमा केही समयअघिसम्म दोहोरो अंकको ब्याजदरको मारबाट उद्योगी-व्यवसायीले उन्मुक्ति पाएका थिएनन् । त्यसैले पनि बैंकहरूलाई आधुनिक शुदखोरझैं व्यवसायीहरूले ठाने । जति सफा चट र प्रणालीमा चलेको भए पनि समाजमा बैंकहरूको पछिल्लो समय धेरै नै आलोचना भएको हो ।

विगतमा जे-जस्ता महामारी आए पनि बैंकहरूको नाफा वृद्धि भएकै हो । तर उद्योगी व्यवसायीहरू भने मारमा परिरहे । हालै केही वर्ष चलेको कोरोनाको माहामारीको असर अहिले पनि उद्योग व्यवसायमा परिरहेको छ । एकातिर चर्को ब्याजदर र अर्कोतिर कोरोनालगायतका महामारी, आर्थिक असन्तुलन र मन्दी, युवा जनशक्तिको पलायनसँगै उपभोक्ता मागमा आएको कमीले उद्योगी व्यवसायी मारमा परे । साना तथा लघुउद्यम व्यवसाय भयंकर मारमा परे । युवा पलायन बढ्यो । उद्यमशीलता र उद्यमीय सपना भित्रभित्रै मर्‍यो ।

अहिले पनि अर्थतन्त्र सुस्त हिसाबको मन्दीमै छ । आन्तरिक आर्थिक गतिविधिहरू कमजोर भएकैले आर्थिक सुधार सुझाव आयोग नै बनाएर अनेकन प्रयास थालेको छ । अर्थतन्त्रको बाहृयपक्ष सकारात्मक भए पनि आन्तरिक अर्थतन्त्र र उद्यमशीलताको अवस्था कमजोर छ । तर पनि बैंकहरूको मुनाफा भने बढेकै देखिन्छ । जस्तो चालु आर्थिक वर्ष ०८१/८२ को आठ महिनामा वाणिज्य बैंकहरूले ४३ अर्बभन्दा बढी नाफा गरेका छन् । नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको तथ्यांकअनुसार वाणिज्य बैंकहरूले २०८१ फागुन मसान्तसम्ममा ४३ अर्ब ४९ करोड ६४ लाख रूपैयाँ नाफा आर्जन गरेका छन् । नबिल, ग्लोबल आइएमई र नेपाल इन्भेस्टमेण्ट मेगा बैंकले यसबीच क्रमशः चार अर्ब ७८ करोड ७६ लाख रूपैयाँ, चार अर्ब ७२ करोड ९४ लाख र चार अर्ब आठ करोड ५७ लाख रूपैयाँ नाफा कमाएका छन् । अरु वाणिज्य बैंकहरूले पनि राम्रै नाफा आर्जन गरेका देखिन्छन् । यसरी बैंकहरूको मुनाफा मन्दी होस् वा कोरोना महामारी वा जस्तै विपत्मा पनि बढेकै देखिन्छ । तर उद्यमशीलता, आर्थिक वृद्धि र आन्तरिक आर्थिक गतिविधि, उद्योगधन्दा भने बढेको छैन । बरु कमजोर हुँदै गएको छ ।

यसले व्यावसायिक वातावरणमा राम्रो रहेको देखाउँदैन । जसले सामाजिक उद्यमशीलता, रोजगारी वृद्धिमा नकारात्मक प्रभाव पारेको छ । हिजोआज मानिसहरू कुन व्यवसाय गर्ने, के गर्ने भन्ने सम्बन्धमा एकचोटी सोच्लान् तर बैंकबाट ऋण लिँदा १० चोटी सोच्न थालेका छन् । वास्तवमा यसले दीर्घकालीनरूपमा बैंकहरूलाई बेफाइदा गर्ने हो ।

बैंकहरूले ब्यवसायको दायरा पो बढाउनुपर्ने हो । तर बढी नाफा आर्जन गर्नेमात्रैको सोच स्थापित हुँदै छ । उनीहरूको नाफामात्रैको प्रतिस्पर्धामा उत्रिएर विगतमा घरजग्गालगायत क्षेत्रमा धेरै नै लगानी केन्द्रित गर्दा खराब कर्जाको दर कहालीलाग्दो रूपमा बढेको छ । अहिले वाणिज्य बैंकहरूको औसत खराब कर्जाको दर पाँच प्रतिशत नाघ्न थालेको छ । वास्तवमा बैंकहरू अल्पकालीन नाफामा केन्द्रित रहँदा आर्थिक वृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता वृद्धिमा बैंकहरूको ध्यान जान सकेको छैन ।

## उद्यमशीलता

निजी क्षेत्रका कलेज तथा बैंक-वित्तीय संस्थाले उद्यमशीलता अभिवृद्धि गर्न सशक्त भूमिका खेल्न सक्छन् । तर त्यसको प्रभावकारी पहल उनीहरूले गरेका देखिँदैनन् । राज्यले उमशीलतालाई प्रोत्साहन गरेको पनि छैन । राजनीतिक दलहरूले उद्यमी व्यवसायीहरूलाई पार्टी चलाउनका लागि चन्दा उठाउने स्रोत साधनमात्रै ठानेका हुन्छन् । समाजमा उद्यमशीलता बढाउने, आर्थिक विकास गर्ने सोच उनीहरूमा कहीँकतै देखिँदैन ।

उद्यमी भनेको धेरै जनामा एक जना सफल भएको हुन्छ । त्यो पनि अथाह मिहेनत, लगानी र ऋणको जोखिम उठाएर । उद्यमीमा पैसा कमाउने र बढाउने व्यग्र इच्छा हुँदैनथ्यो भने उसले कसरी व्यवसाय विस्तार गर्ला ? पैसा कमाउने उद्यमीको प्रकृति वा जात नै हो । उद्यमीले पैसा कमाएकोमा समाजले डाहा गर्नु यथोचित् हुँदैन । एउटा उद्यमीले पैसामात्रै कमाइरहेको हुँदैन । उसले धेरैलाई रोजगारी पनि दिएको हुन्छ । बैंकहरूसँग ऋण लिएर उनीहरूको आम्दानी बढाउन सघाएको हुन्छ । आयात तथा निर्यात व्यापारमा सघाएर राज्यको राजस्व रकम बढाएको हुन्छ । राज्यलाई आयकर तिरेर सरकारलाई आम्दानीको स्रोत जुटाएको हुन्छ । नयाँ-नयाँ उद्योग, कारखाना खोलेर मुलुकलाई आत्मनिर्भर, समृद्ध र विकसित बनाउन उद्यमीले सघाएको हुन्छ । अनि हामी तिनै उद्यमीहरू जो मौरीजस्तो खटिरहेका हुन्छन् दिमाग खियाइरहेका हुन्छौं । तिनैलाई लखेट्छौं भने देश कसरी उँभो लाग्छ ? त्यसकारण उद्यमी व्यवसायी भनेका राज्यका गहना हुन् । उनीहरूलाई राज्यले, समाजले, वित्तीय संस्थाहरूले सबैले सम्मान गर्नुपर्छ, उनीहरूलाई सहयोग गर्नुपर्छ ।

## उद्यमशीलता वृद्धिमा बैंकको भूमिका

धेरैजसो उद्यमीलाई आफ्नै स्रोतमार्फत पुँजी पुर्‍याउन गाह्रो हुन्छ । किनकि उनीहरूलाई वित्तीय ज्ञान र व्यवस्थापनको अभाव पनि हुनसक्छ । त्यसकारण पुँजीविना अर्थात् ऋणविना उद्यमीहरूलाई कोष जुटाउन गाह्रो हुन्छ । उनीहरूको प्राथमिक स्रोत नै बैंकबाट प्राप्त गर्ने ऋण नै हो । ऋण प्रवाह गर्नुबाहेक पनि बैंकहरूले विभिन्न तवरले उद्यमीहरूलाई सघाइरहेका हुन्छन् । जस्तो बैंकले पैसा र सम्पत्ति सुरक्षित राखिदिन भूमिका खेल्छन् । उनीहरूले उद्यमीका बहुमूल्य सम्पत्ति र पैसा सुरक्षित राखेर सहयोग गर्छन् । त्यसैगरी ग्राहकसँगको व्यावसायिक कारोबार सहज बनाउन बैंकहरूले भुक्तानी प्रणालीलाई सहज बनाइदिएका हुन्छन् । फलस्वरूप उद्यमीहरूलाई करोबारमा सहयोग पुग्दछ । त्यसैगरी बैंकहरू नै उद्यमीका उत्कृष्ट सल्लाहकार पनि हुने गर्छन् । बैंकहरूले उद्यमीलाई कर, कम्पनी तथा लगानीसम्बन्धी उचित सल्लाह पनि दिन्छन् ।

जस्तो कि अहिले नेपालमा धेरै बैंक तथा वित्तीय संस्थाहरू छन् । उनीहरूले पुँजीको बागडोर सम्हालेर बसिरहेका छन् । उद्यमी व्यवसायी र उनीहरूको सम्बन्ध असाध्यै नरम र सहयोगी हुन जरुरी छ । बैंकहरूको अहिलेको व्यवसायको आकार बढाउन पनि उद्यमी व्यवसायी चाहिन्छ र उद्यमशीलता अभिवृद्धि भएर अघि बढ्न पनि बैंक नै चाहिन्छ । त्यसकारण मूलतः बैंकहरूले अब आफ्नै व्यवसाय बढाउने दीर्घकालीन सोच राखेर पनि उद्यमीहरू कसरी बढाउने भन्नेबारे कार्यक्रमहरू अघि ल्याउन सक्नुपर्छ । केही हदसम्म राष्ट्रिय वाणिज्य बैंक, नबिल बैंक, एनएमबि बैंकहरूले उद्यमशीलता अभिवृद्धिका लागि पहल सुरु गरेका देखिन्छन् । नबिल बैंकले त दिगो बैकिङको नारा नै अघि सारेको छ । उसले त्यसै नाराअन्तर्गत नयाँ उद्यमी सिर्जना गर्न र तिनैलाई लगानी गर्न वार्षिक ४० जना लाभान्वित हुनेगरी उद्यमशीलता तालिममा आधारित 'फेलोसिप' कार्यक्रम नै अघि सारेको छ । भलै नबिलको कार्यक्रमको आकार सानै लाग्ला तर त्यो नविनतम् सुरुआत हो । सबै बैंकहरूले त्यस्तै सुरुआत प्रतिस्पर्धात्मकरूपमा गर्न जरुरी देखिन्छ । खालि व्यावसायिक युनिटहरूको विस्तार गर्ने, भाँडो थाप्नेमात्रै होइन । भाँडो भरिदिने विइङ्सको सिर्जना गर्दै लैजानुपर्छ । बैंक वित्तीय संस्थाहरूको त्यो संस्थागत सामाजिक उत्तरदायित्व पनि हो । बैंक-वित्तीय संस्था, बिमा, कलेज आदिले खालि मुद्राको व्यापार र विनिमयमात्रै गरेर हुँदैन । आधुनिक समयमा नवीनतम् हिसाबले पनि सोच्न जरुरी छ ।

# महिलालाई आर्थिकरूपमा बलियो बनाउनुपर्छ



■ हसिना खान

उद्यमशील बन्न चाहने महिलाका लागि सरकारले लगानी गर्नुपर्छ । सरकारले महिलाका लागि सानो वा ठूलो जस्तोसुकै काम भए पनि दिनुपर्छ । सम्पत्तिमा पूर्ण हक हुनुपर्छ । अनिमात्र महिला-पुरुष बराबरीको बाटोमा अगाडि बढ्न सक्छन् । अधिकारका निम्ति महिला आफैं सक्रिय बन्नुपर्छ।

महिलाका विषयमा संविधानमा केही अधिकार सुनिश्चित गरिएको छ । तर धेरै अधिकार सुनिश्चित गर्नुपर्ने छ । संसद्मा महिलाको ३३ प्रतिशत सुनिश्चित गरिएको छ । तर त्यही कुरा सरकार बनाउने सवालमा लागू भएको छैन । अब सरकारमा महिलाको जनसंख्याका आधारमा ५० प्रतिशत सहभागिता हुने सवाल संविधानमै व्यवस्था गर्नुपर्ने छ । त्यसका लागि राजनीतिक पार्टीको पनि भूमिका हुन्छ । महिला अब आफ्नो अधिकारका निम्ति आफैं लड्नुपर्छ । तर पहिलेको तुलनामा महिलाका विषयमा सुधार हुँदै गएको छ ।

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र आएपछि पहिलोपटक महिला देशको राष्ट्रपति पनि बन्नुभएको छ । सभामुख पनि बन्नुभएको छ । प्रधानन्याधीश पनि बन्नुभएको छ । सरकारको मुख्यसचिव पनि बन्नुभएको छ । तर मन्त्रिपरिषद्मा महिलाको संख्या जहिल्यै न्यून हुन्छ । २५ सदस्यीय संघीय सरकार गठन हुँदा एक-दुई जनामात्र मन्त्री बन्ने कुरा न्यायोचित छैन । देशमा अहिले पनि पुरुषभन्दा महिलाको संख्या धेरै छ । तर सहभागिता न्यून छ । चुनावमा पनि राजनीतिक पार्टीले सक्षम महिलाका लागि टिकटको व्यवस्था गर्नुपर्छ । महिलाले चुनाव जित्न सक्दैनन् भनेर पार्टीले रोक्नु हुँदैन । पार्टीले टिकट दिएपछि महिलाले चुनाव जितेका धेरै उदाहरण छन् ।

यो देशमा सबैभन्दा पहिला महिलालाई आर्थिकरूपमा बलियो बनाउनुपर्छ । जबसम्म महिलाहरूको आर्थिकरूपमा पहुँच हुँदैन, तबसम्म देश समृद्ध बन्छ जस्तो मलाई लाग्दैन । रोजगारीका सवालमा पनि राज्यले महिलालाई पहिलो प्राथमिकता दिनुपर्छ । उद्यमशील बन्न चाहने महिलाका लागि सरकारले लगानी गर्नुपर्छ । सरकारले महिलाका लागि सानो वा ठूलो जस्तोसुकै काम भए पनि दिनुपर्छ । सम्पत्तिमा पूर्ण हक हुनुपर्छ । अनिमात्र महिला-पुरुष बराबरीको बाटोमा अगाडि बढ्न सक्छन् । अधिकारका निम्ति महिला आफैं सक्रिय बन्नुपर्छ । अर्को कुरा यदि कुनै पनि बच्चाको बाबु छैन भने उसले आमाको नामबाट नागरिकता बनाउन पाउनुपर्छ ।

नागरिकता नभएपछि ऊ देशको नागरिक बन्न पाउँदैन । त्यसैले आमाको नामबाट नागरिकता दिने सवालमा सबै गम्भीर भएर लाग्नुपर्छ । यदि आमाको नागरिकता छ भने बच्चाको नागरिकता सहजरूपमा बन्नुपर्छ । बाँके जिल्लाका महिलाको यो समस्या धैरै नै छ । महिलामाथि हुने हिंसा रोक्न सरकारले कडाभन्दा कडा कानुन बनाएर व्यावहारिकरूपमै कार्यान्वयन गर्नुपर्छ । अहिले पनि नेपाली छोरीहरू असुरक्षित छन् । किशोरीमाथि बलात्कारका घटना भइरहेको छ । बलात्कारपछि हत्या गरेर मारिएको छ । मुख्य कुरा किशोरीहरू जहाँ, जतिबेला पनि सुरक्षित हुनुपर्छ । महिलामाथि हुने घरेलु हिंसाका घटना पनि छन् । घरेलु हिंसा गर्ने जोकोहीलाई कानुनबमोजिम कडा कारबाही हुनुपर्छ । महिलामाथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्न सबैभन्दा पहिला महिला आफैं सक्रिय हुनुपर्छ । कुनै पनि किशोरी वा महिलाले आफ्नो सुरक्षा आफैं गर्न सक्ने बन्नुपर्छ । महिलाले कुनै पनि हिंसा खपेर बस्नु हुँदैन । यदि हिंसा भएको छ भने प्रहरीमा उजुरी गर्न सक्नुपर्छ । तर बाँकेका महिलामा घरेलु वा अन्य प्रकारका हिंसा भइरहेको छ । तर उनीहरू त्यो हिंसालाई लिएर बाहिर आउन चाहँदैनन् । आफूमाथि भएको विभेद वा हिंसाका बारेमा खुलेर कुरा गर्न सक्नुपर्छ महिलाहरूले । आफूमाथि हिंसा भएको छभने लाज वा डर मानेर बस्नु हुँदैन ।

म प्रतिनिधिसभाको सांसद भएको एक वर्ष भयो । सांसद भएलगत्तै म स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री हुँदै गर्दा स्वास्थ्यको क्षेत्रमा आफूले सकेको काम गरेको थिएँ । जम्मा ४५ दिनमात्र राज्यमन्त्री भएको समयमा पनि जनतासँग जोडिएका स्वास्थ्यका समस्यालाई सकेसम्म सम्बोधन गर्ने कोसिस गरेकी थिएँ । बाँकेका मुख्य समस्या भनेको बाटोघाटोको हो । खानेपानी, शिक्षा, स्वास्थ्य र रोजगारीको पनि उत्तिकै समस्या छ । यहाँ अधिकांश युवा बेरोजगार हुनुपरेको छ । युवाहरूको काम छैन, चोकचोकमा गफ गरेर समय बिताइरहेका छन् । युवालाई रोजगारी दिनेगरी कुनै सरकारले ठोस योजना बनाउन सकेको छैन । रोजगार नभएपछि युवा कुलतमा लागेका छन् । धेरै पढेलेखेका मानिस बेरोजगार बस्नुपरेको छ । बाँके पर्यटकका लागि पनि सम्भावना भएको जिल्ला हो । तर त्यसको राम्रो व्यवस्थापन हुन सकेको छैन ।

'बाँके राष्ट्रिय निकुञ्ज'मा घुम्नका लागि देश-विदेशबाट पर्यटक आउँछन् । एक आर्थिक वर्षमा आन्तरिक र बाहृय पर्यटक गरी कम्तीमा हजारभन्दा बढी पर्यटक आउने गर्छन् । निकुञ्जमा आउने पर्यटकको संख्या पनि बर्सेनि बढ्दै गएको छ । तर सम्बन्धित निकायले त्यसलाई अझै व्यवस्थित गर्न सकेको छैन । त्यसको व्यवस्थापन र संरक्षणमा अझै बढी ध्यान दिने होभने पर्यटकको संख्या अझै बढेर जाने देखिन्छ । निकुञ्जभित्रका प्राकृतिक सम्पदा र वन्यजन्तुको संरक्षणमा सरकारको ध्यान जानसकेको छैन । संविधान केही हदसम्म कार्यान्वयन भएको छ । तर धेरै कुरा कार्यान्वयन हुनसकेको छैन । तर अब सबै मिलेर कार्यान्वयन गर्नुपर्छ । अहिलेको संघीयतालाई सुधार गर्नुपर्ने छ । यो संघीयता अलि बढी खर्चिलो भयो कि भन्ने कुरा पनि आइरहेको छ ।

*(प्रतिनिधिसभा सदस्य खानसँग राससले गरेको कुराकानीमा आधारित)*

श्रम सरोकार

# अभिमुखीकरण तालिम किन लिने ?

वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम वैदेशिक रोजगारमा जाने कामदारले अनिवार्यरूपमा पूर्वप्रस्थान अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था छ ।

वैदेशिक रोजगारमा जाने सोच बनाएदेखि नै कुन देश जाने हो सोको बारेमा सामान्य जानकारी भएता पनि यस पूर्वप्रस्थान अभिमुखीकरण तालिममा अरू धेरै विषयमा जानकारी प्राप्त हुन्छ । यो तालिम तीन दिन (१८ घण्टा)को हुन्छ ।

वैदेशिक रोजगार विभागबाट अनुमति प्राप्त संस्थाहरूबाट मात्र अभिमुखीकरण तालिम लिनुपर्दछ । अभिमुखीकरण तालिमबाट मुख्यतया निम्नलिखित विषयहरूको जानकारी पाउन सकिन्छः

- वैदेशिक रोजगारसम्बन्धी कानुन
- यात्रापूर्वको तयारी
- यात्राको क्रममा अपनाउने प्रक्रिया
- आचरण, स्वास्थ्य र तनाव व्यवस्थापन
- सूचना प्रविधिको प्रयोग
- कार्यस्थलमा अपनाउनपर्ने सावधानी र सुरक्षा
- स्वास्थ्य र व्यवसायजन्य सुरक्षा
- पारिश्रमिकको व्यवस्थापन
- सहयोगी निकाय र सहयोग लिने तरिका
- गन्तव्य मुलुकको अवस्था र त्यहाको श्रम कानुनको सामान्य जानकारी
- गन्तव्य मुलुकको आधारभूत भाषा/शब्दहरू

महिला कामदारले अभिमुखीकरण तालिम लिँदा तिरेको शुल्क वैदेशिक रोजगार बोर्डको सचिवालयबाट सोधभर्ना पाइन्छ । यसका लागि तालिम केन्द्रले शुल्क लिएको सक्कल रसिद, तालिम प्रमाणपत्रको प्रतिलिपि, श्रम स्वीकृतिको प्रतिलिपि र पासपोर्टको प्रतिलिपि राखेर सचिवालयमा निवेदन दिनुपर्छ ।

# बाढीले क्षतिग्रस्त बिपी राजमार्ग चार खण्डमा पुनर्निर्माण हुँदै

■ **राजकुमार पराजुली**

**काभ्रेपलाञ्चोक–** गत असोज दोस्रो साता रोशी खोलाको बाढीले बिपी राजमार्गको क्षतिग्रस्त सडकखण्ड चार खण्डमा पुनर्निर्माण हुने भएको छ । डिभिजन सडक कार्यालय भक्तपुरले राजमार्गअन्तर्गत क्षति पुगेको काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिकाको चौकीडाँडाबाट सिन्धुलीको बर्खेखोलासम्मको सडकलाई चार खण्डमा पुनर्निर्माण गर्ने जनाएको हो ।

कार्यालयका अनुसार क्षतिग्रस्त सडकखण्डमध्ये नेपाल सरकारको खर्चमा तीन खण्डको पुनर्निर्माण गरिने हुने छ । यस्तै एक खण्ड पुनर्निर्माणका लागि जापान सरकारलाई अनुरोध गरिएको कार्यालयले जनायो । उसका अनुसार काभ्रेपलाञ्चोकतर्फको तीन खण्डमध्ये दुई खण्ड र सिन्धुलीतर्फको एक खण्डका लागि बोलपत्र आह्वान गरिसकिएको छ । क्षतिग्रस्त सडकखण्ड पुनर्निर्माण गर्दा साबिककै सडक ट्र्याकबाटै सडक पुनर्निर्माण गरिने कार्यालयले जनाएको छ ।

काभ्रेपलाञ्चोकतर्फ भकुण्डेबेँसीबाट चार सय बेँसीसम्मको करिब ११ किलोमिटर सडक र डालाबेँसीबाट चार सय बेँसीसम्मको ८.५ किलोमिटर सडक तथा सिन्धुलीतर्फ बर्खेखोलाबाट नेपालथोकसम्मको चार किलोमिटर सडकखण्ड पुनर्निर्माणका लागि बोलपत्रको सूचना प्रकाशित भइसकेको डिभिजन प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले जानकारी दिए । उनका अनुसार बिपी राजमार्ग क्षतिग्रस्त सडकखण्ड पुनर्निर्माणका लागि नेपाल सरकारबाट आठ अर्ब ५० करोड रूपैयाँ बजेट सुनिश्चितता प्राप्त भएको छ । उक्त बजेटमध्येबाट काभ्रेपलाञ्चोकतर्फको तीन खण्डका लागि सात अर्ब ५० करोड रूपैयाँ र सिन्धुलीतर्फको खण्डका लागि एक अर्ब रूपैयाँले सडकको स्थायी पुनर्निर्माण गरिने छ ।

बर्खेखोलाबाट डालाबेँसीसम्मको ५.५ किलोमिटर सडक पुनर्निर्माणका लागि भने जापान सरकारको अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)सँग छलफल भइरहेको र जाइकाले स्थलगत अध्ययन गरिरहेकाले उक्त सडकखण्ड पुनर्निर्माणका लागि जापान सरकार करिब तयारजस्तै देखिएको योगशले बताए । 'उक्त सडकखण्डमा साना टनेल बनाउने, भायाडक्ट (अग्ला पुल) बनाउने खालका नयाँ काम हुनसक्ने देखिन्छ, यसका लागि जाइकासँग छलफल चलिरहेको छ, हालको अवस्था हेर्दा जाइकाले चासो दिइरहेकाले हामीले उक्त खण्डको बोलपत्र निकाल्न कुरेका हौं,' उनले भने ।

उक्त सडकखण्डका सानासाना मोडलाई सीधा बनाउन ५०० मिटरसम्मका छोटा टनेल (सुरुङमार्ग) बनाउन सकिने योगेशको भनाइ छ । उनले सूचना प्रकाशित गरिएका सडकखण्डको पुनर्निर्माण गर्न जेठ पहिलो सातासम्म सम्झौता गर्ने लक्ष्य राखिएको बताए । यस्तै क्षतिग्रस्त राजमार्ग पुनर्निर्माण गर्दा इन्टरमिडियट लेनबाट कम्तीमा दुईवटा गाडी सहजरूपमा गुड्नेगरी सात मिटर चौडाइको कालोपत्र भएको र अर्को रोशीखोलामा बाढी आउँदा बाढीले खोल्न सक्ने नदीको सतहभन्दा तलबाट आरसिसी पर्खाल लगाएर सडक निर्माण गरिने जनाइएको छ । कार्यालयले पहिलो चरणमा भकुण्डेबाट नेपालथोकसम्मको २८ किलोमिटर सडक दुई लेनको बनाउने छ ।

हाल बिपी राजमार्गको उक्त सडकखण्डमा आउँदो मनसुनको समयमा यातायात सञ्चालन गराउन कार्यालयले अस्थायी सडकको उचाइ बढाउने काम गरिरहेको छ । योगेशले दैनिक विभिन्न ३७ उपकरण परिचालन गरेर अस्थायी सडक मर्मत भइरहेको बताए । वर्षायाममा सवारी सञ्चालन गर्न खोलाको बहाव परिवर्तनका साथै खोलाकै निर्माण सामग्रीबाट सडकलाई तीनदेखि सात मिटरसम्म अग्लो बनाइरहेको उनको भनाइ छ । 'वैशाख मसान्तभित्र बाढीले क्षति गरेको आठ किलोमिटर अस्थायी सडकको उचाइ बढाउनेलगायतको अस्थायी काम सक्ने छौं,' उनले भने ।

यसैबीच बिपी राजमार्गको डालाबेसी-बर्खेखोला ५.५ किलोमिटर सडक पुनर्निर्माणका लागि जाइकाले डिजाइन थालेको छ । सरकारले चारवटा प्याकेज बनाएर निर्माण गर्ने प्रक्रिया थालेपछि चारमध्ये एक खण्ड जाइकाले डिजाइन थालेको हो । सडक विभागका इञ्जिनियर शुभराज न्यौपानेका अनुसार जाइकाले डिजाइन गर्दै गरेको खण्डबारे उसैले निर्माण गर्ने/नगर्नेबारे टुंगो भने लागेको छैन । यसअघि बाढीले क्षति पुगेपछि पनि जाइकाको टोलीले क्षतिग्रस्त राजमार्गको अध्ययन गरेको थियो ।

जाइकाले अध्ययन गरे पनि क्षतिग्रस्त सडकखण्ड पुनर्निर्माण गर्नेबारे कुनै प्रतिक्रिया नदिएपछि हाल सरकारले चार प्याकेज बनाएर तीनखण्डको ठेक्का आह्वान गरिसकेको हो । जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ बाट बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास १६० किलोमिटर सडक) निर्माण कार्य सुरु गरिएको थियो । खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको २०७२ साल असार १८ गते औपचारिकरूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । *रासस*

# भोजपुरको चखेवामा 'रैथाने खाना महोत्सव' सम्पन्न

**भोजपुर (प्रस)–** मुन्दुम पदमार्गका विकास तथा प्रवर्द्धनका लागि भोजपुरको चखेवामा रैथाने खाना महोत्सव सञ्चालन गरिएको छ । यहाँ आउने पर्यटकलाई लक्षित गरेर रैथाने खाना महोत्सव सञ्चालन गरिएको हो । महोत्सवमा टेम्केमैयुङ गाउँपालिकामा पाउने कोदो, फापर, गुन्द्रुक, भटमासको किनिमा भुटेको मकै, कुखुराको वाचिपा (तीते)लगायत परिकारसँगै स्थानीय उत्पादनको प्रदर्शनी गरिएको हो । त्यस्तै माछ्राको सुकुटी, पाहा, कोदोको मःम, कोदोको ढिडोको परिकारको पनि प्रदर्शनी गरिएको छ ।

स्थानीयस्तरमा उत्पादन भएका वस्तुको बजारीकरणसँगै आउने पर्यटकले खान पाउने रैथाने खानेकुराको जानकारी दिने उद्देश्यका साथ रैथाने खाना महोत्सव सञ्चालन गरिएको गाउँपालिका उपाध्यक्ष रमादेवी राईले बताइन् । मुख्यरूपमा मुन्दुम पदमार्गमा आउने पर्यटकलाई यहाँको खानाको परिकारको विषयमा जानकारी दिन महोत्सव आयोजना गरिएको उपाध्यक्ष राईको भनाइ छ । गाउँपालिकाको संयोजन र पर्यटनमा आधारित पर्यटन विकास परियोजनाको आर्थिक सहयोगमा महोत्सव सञ्चालन गरिएको हो । महोत्सवले यहाँका स्थानीय उत्पादनको बजारीकरणसँगै स्थानीयवासीको जीविकोपार्जनमा टेवा पुग्ने गाउँपालिका अध्यक्ष सरोज बस्नेतले बताए । मुन्दुम भ्रमण वर्ष सन् २०२५ लाई सफल बनाउन महोत्सव आयोजना गरिएको उनको भनाइ छ ।

# मुन्दुम ट्रेलसँग जोड्न 'रेडपाण्डा तथा थार रूट' पदमार्ग

**खोटाङ (प्रस)–** दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले आयोजना गरेको 'प्रथम रेडपाण्डा तथा थार महोत्सव-२०८२' सम्पन्न भएको छ । 'मुन्दुम ट्रेल भ्रमण वर्ष-२०२५'को अवसर पारेर नगरपालिकाले पर्यटकीयस्थल हुर्लुङमा आयोजना गरेको दुईदिने महोत्सव सम्पन्न भएको हो । लोपोन्मुख वन्यजन्तुको सूचीमा रहेको रेडपाण्डा तथा थारको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले यही वैशाख १ र २ गते महोत्सव आयोजना गरिएको थियो । महोत्सवको अवसर पारेर 'रेडपाण्डा तथा थार रुट'को औपचारिकरूपमा शुभारम्भ तथा नक्सासमेत सार्वजनिक गरिएको छ ।

मध्यपहाडी लोकमार्गअन्तर्गत दिक्तेल-हलेसी सडकखण्डको हुर्लुङबाट रूपाकोट हुँदै बगरेभञ्ज्याङ, सिकुरीभञ्ज्याङ, साप्सुढाप, मेरुङ हुँदै मुन्दुम ट्रेल जोड्ने पदमार्गलाई 'मुन्दुम ट्रेल रेडपाण्डा-थार रुट' नामकरण गरिएको छ । रेडपाण्डा तथा थार रुटको औपचारिक शुभारम्भ अभिनेता एवं मुन्दुम ट्रेल भ्रमण वर्ष २०२५ को सद्भावना दूत दयाहाङ राईले गरे । महोत्सवमा विभिन्न समुदायका संस्कृति झल्किने सांस्कृतिक झाँकी, रैथाने खानपान, वेशभूषा, रहनसहनसँग सम्बन्धित छुट्टाछुट्टै स्टल (कक्ष) राखिएको थियो । जिल्लामै पहिलोपटक आयोजना गरिएको महोत्सवमा राई, मगर, शेर्पा, तामाङ, गुरुङ, नेवार, ब्राह्मण, क्षेत्रीलगायत विभिन्न जातजातिको स्टल आकर्षणको केन्द्र बनेको थियो ।

स्थानीय समुदायको सक्रियतामा आयोजित महोत्सवले पर्यटन एवं होटल व्यवसायीहरू उत्साहित भएका छन् । हुर्लुङमा आयोजित दुईदिने महोत्सवमा राखिएका स्टल सञ्चालक तथा होटल व्यवसायीले लाखौंको कारोबार गर्न सफल भएको महोत्सव मूल आयोजक समितिका संयोजक एवं दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१० पाथेकाका वडाध्यक्ष मुगाधन राईले जानकारी दिएका छन् । महोत्सवको पहिलो यही वैशाख १ मा अतिथिहरूसहित पर्यटकीयस्थल रूपाकोट पुगेर बास बसिएको थियो । समुद्री सतहबाट दुई हजार ६०० मिटर उचाइमा पर्ने रूपामोटमा रातभर जुहारी (गीतको भाकामार्फत सवाल-जवाफ फर्काउने काम) गाउनुका साथै वैशाख २ गते बिहान सूर्योदयको दृश्य, सर्वोच्च शिखर सगरमाथा, तराईका फाँटलगायतको दृश्यावलोकन गरेर पुनः कार्यक्रमस्थल फर्किएको थियो ।

सरकारले निर्धारण गरेको १०० वटा पर्यटकीय गन्तव्यमा पर्ने मुन्दुम ट्रेलसँग नगरपालिकालाई जोडेर पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले 'मुन्दुम ट्रेल रेडपाण्डा-थार रुट' पदमार्गको औपचारिकरूपमा शुभारम्भ गरिएको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका उपप्रमुख विशन राईले जानकारी दिए ।


## युएइमा रोजगार

कम्पनी : QASR KERALA PLASTER & TILES CONT.

पूर्व स्वीकृति मिति : २०८१/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/03 | LT. No. 308665 | चलानी नं. ६०२२३३४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 33 | 0 | 1200 | ४५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steal Fixer | 36 | 0 | 1200 | ४५,५७० | | | | | | | |
| 3 | Stone Mason | 21 | 0 | 1200 | ४५,५७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ११ गते (24th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १५०/०५६/५७

HYHIRE INTERNATIONAL PVT. LTD.
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308



## युएइमा रोजगार

कम्पनी : LAHEJ AND SULTAN CLEANING SERVICE AND GENERAL MAINTENANCE CO

पूर्व स्वीकृति मिति : २०८०/१०/१५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०१/03 | LT. No. 299026 | चलानी नं. ६०२१३९६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 3 | 80 | 800 | २९,८११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ११ गते (24th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 806/065/66

SIWAKOTI MANPOWER SERVICE PVT. LTD.
Samakhusi, Kathmandu, Nepal, T: + 977 1 4987991/4987992/4954106, M: 9851090365
Email:- siwakoti806@gmail.com, info@siwakoti.com, Web: www.nepal.siwakotimanpower.com



## युएइ/बहराइनमा रोजगार

कम्पनी : R K R R International Contracting LLC

पूर्व स्वीकृति मिति : २०८२/०१/०२ | LT. No. 322010 | चलानी नं.६०२३६०९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Carpenter | 12 | 0 | 1200 | ४४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CHICKET WLL

पूर्व स्वीकृति मिति : २०८१/०४/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/03 | LT. No. 308434 | चलानी नं.६०२२३१३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 24 | 0 | 100 | ३६,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 8 | 0 | 100 | ३६,३१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ११ गते (24th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sulav Recruitment Pvt.Ltd.
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com


## त्रियुगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

गाईघाट, उदयपुर
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रथम पटक प्रकाशित मिति:- २०८२/०१/०३)**

यस त्रियुगा नगरपालिकाको कार्यालयबाट प्रकाशित ठेक्काहरुको निर्धारित समयभित्र रितपूर्वक रुपमा पेश भएका बोलपत्रहरु मध्ये कार्यालयको निर्णयानुसार निम्न बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्यूनतम र शारभूत रुपमा प्रभावग्राही ठहर भएको हुँदा बोलपत्र स्वीकृत गरि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको नाम | छनौट भएको बोलपत्रदाता | कबोल रकम रु. (भ्याट बाहेक) |
|---|---|---|---|
| IFB No: 19/TM/UDA/2081/082 | Reconstruction Work of Bhimsen Temple, Triyuga Municipality, Udayapur | R.P.S/Saman Nirman JV | 6,439,845.41\|- |

**प्रमुख प्रशासकीय अधिकृत**

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

## Mahakali Irrigation Management Office

Mahendranagar, Kanchanpur

### Invitation for Bids

***Date of publication: 2082-01-04***

Mahakali Irrigation Management Office, Kanchanpur invites electronic bids from the Nepalese eligible bidders for the following works under NCB Bidding procedure. Bidder may obtain further detailed information from the PPMO web portal www.bolpatra.gov.np/egp.

| S.N | IFB No. | Description and Location of Work | Bid Document Fee, NRs. | Bid security amount, NRs. | Last date of Bid Submission |
|---|---|---|---|---|---|
| 1. | MIMO/ AMIS/NCB-02/081/082 | Construction of Canal and Canal Structures in Main Canal of Mahakali Irrigation System | 5000.00 | 13,10,000.00 | 2082/02/04 14:00 PM |
| 2. | MIMO/ AMIS/NCB-03/081/082 | Construction of Canal and Canal Structures in Stage I of Mahakali Irrigation System | 5000.00 | 10,70,000.00 | 2082/02/04 14:00 PM |
| 3 | MIMO/ AMIS/NCB-04/081/082 | Construction of Canal and Canal Structures in Stage II of Mahakali Irrigation System | 5000.00 | 8,80,000.00 | 2082/02/04 14:00 PM |

**Office Chief**

## ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०१/०४ गते

यस माछापुच्छ्रे बैंक लि. तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपाई तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने ब्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय : लालबन्दी**

**ऋणीको नाम, ठेगाना**

प्रदेश सरकार (प्रदेश नं. २), उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा दर्ता रहेको **सरु स्टोर्स ।**
दर्ता नं. ८२३३/०७६/०७७, दर्ता मिति : २०७६/०७/२१, पान नं. ११०७९९४७४, दर्ता मिति : २०७६/०७/२६
ठेगाना : सर्लाही जिल्ला, लालवन्दी वडा नं. ७, **प्रोप्राईटर : सरिता ढकाल**

**व्यक्तिगत जमानतकर्ताहरू**

| **१. सरिता ढकाल** | **२. सवन ढकाल** |
|---|---|
| ना.प्र.नं. ७८२३०२६८, जि.प्र.का. सर्लाही | ना.प्र.नं. १९/२०९५/८३५, जि.प्र.का. सर्लाही |
| जारी मिति : २०५७/१२/२६ | जारी मिति : २०६९/०१/०४ |
| बाबु : नवराज दहाल | बाबु : नवराज प्रसाद ढकाल |
| पति : नवराज ढकाल, ससुरा : हरी प्रसाद ढकाल | बाजे : हरी प्रसाद ढकाल |
| ठेगाना : सर्लाही जिल्ला, लालवन्दी वडा नं. ७ | ठेगाना : सर्लाही जिल्ला, लालवन्दी वडा नं. ७ |

**धितोमा रहेको सम्पतिको विवरण**

१. नवराज दहालको छोरी, हरी प्रसाद ढकालको बुहारी, नबराज ढकालको पत्नी, सर्लाही जिल्ला, लालवन्दी वडा नं. ७ बस्ने सरिता ढकालको नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता कायम भएको सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स./न.पा. वडा नं. ९ क स्थित कि.नं. १४६३ र १७४५ को क्षेत्रफल क्रमश: ०-०-७-० र ०-०-४-० (वि.क.धु.क.) तथा सर्लाही जिल्ला, जब्दी गा.वि.स./न.पा. वडा नं. ७ क स्थित ८९१, ८८९ र ८८७ क्षेत्रफल क्रमश: ०-१६-०$^{3/4}$ (वि.क.धु.), ०-०-५$^{1/4}$ (वि.क.धु.) र ०-४-१८$^{1/2}$ (वि.क.धु.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. धनी यस माछापुच्छ्रे बैंक लिमिटेड र ऋणी सरु स्टोर्सको नाममा दर्ता कायम भएको निम्न बमोजिमको सवारी साधन : सवारी मोडल : Xenon Yodha CC 4x4, दर्ता नं. बाग्मती प्रदेश ०३ ००१ च ०७६२
ईन्जिन नं. 4SPCR10CZX606448, च्यासिस नं. MAT546174LSR02282
३. ऋणी सरु स्टोर्सले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

**शाखा कार्यालय : कलैया**

**ऋणीको नाम, ठेगाना**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय बारामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **कंकाली ईन्टरप्राईजेज ।**
दर्ता नं. २१७७/०६९/७०, दर्ता मिति : २०६९/०५/०५, पान नं. ३०५६१६१७७, दर्ता मिति : २०६९/०५/०५
ठेगाना : बारा जिल्ला, इनर्वामाल वडा नं. ६, **प्रोप्राइटर : सोनीलाल साह**

**व्यक्तिगत जमानतकर्ताहरू**

| **१. सोनीलाल साह** | **२. छोटेलाल साह कानु** |
|---|---|
| ना.प्र.नं. २३८३/२७९६, जि.प्र.का. बारा | ना.प्र.नं. ३३१००३/४२७४५, जि.प्र.का. बारा |
| जारी मिति : २०५८/०५/२० | जारी मिति : २०७०/०९/०१ |
| बाबु : मोहन साह कानु, बाजे : मुटुक साह कानु | बाबु : मोहन साह कानु, बाजे : मुटुक साह कानु |
| ठेगाना : बारा जिल्ला, इनर्वामाल वडा नं. ६ | ठेगाना : बारा जिल्ला, इनर्वामाल वडा नं. ६ |
| **३. फूलझरिया देवी** | **४. सोभी लाल साह कानु** |
| ना.प्र.नं. ३३३००३/५४६३, जि.प्र.का. बारा | ना.प्र.नं. २२७४९, जि.प्र.का. बारा |
| जारी मिति : २०६३/११/१७ | जारी मिति : २०६३/०७/२८ |
| बाबु : भोगी साह कानु | बाबु : मोहन साह कानु |
| पति : सोनीलाल साह, ससुरा : मोहन साह कानु | बाजे : मुटुक साह कानु |
| ठेगाना : बारा जिल्ला, ईनर्वामाल वडा नं. ६ | ठेगाना : बारा जिल्ला, ईनर्वामाल वडा नं. ६ |

**धितोमा रहेको सम्पतिको विवरण**

१. मुटुक साह कानुको नाति, मोहन साह कानुको छोरा, बारा जिल्ला, इनर्वामाल वडा नं. ६ बस्ने सोनीलाल साहको नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता कायम भएको बारा जिल्ला, इनर्वामाल गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. ११२३ को क्षेत्रफल ०-०-६-० (वि.क.धु.क.) तथा वडा नं. ६ क स्थित कित्ता नं. ६४५ र ६३० को क्षेत्रफल क्रमश: ०-०-१० (वि.क.धु.) र ०-०-१० (वि.क.धु.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. ऋणी कंकाली ईन्टरप्राईजेजले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

**माछापुच्छ्रे बैंक**

सबल, उत्कृष्ट एवं विस्तारित

प्रभाव दैनिक


बिहीबार, ०४ वैशाख २०८२ (Thursday, April 17, 2025)

रूपशाला

## विवाहबन्धनमा बाँधिँदै पूर्वमिस नेपाल अश्मी

पूर्वमिस नेपाल अश्मी श्रेष्ठ विवाह बन्धनमा बाँधिने भएकी छन् । उनले सामाजिक सञ्जालमार्फत यो जानकारी दिएकी हुन् । 'परिवारको आशीर्वाद र मुटुभरि मायासहित हामी विवाह बन्धनमा बाँधिँदै छौँ,' उनले सामाजिक सञ्जालमा लेखेकी छन् । विवाहका लागि वैशाख ८ गते सोमबारको मिति तय गरिएको छ । अश्मीले प्रेमी शशांकलाल श्रेष्ठसँग २०८० साल पुस १९ गते इन्गेजमेन्ट गरेकी थिइन् । अमेरिका बस्दै आएका श्रेष्ठसँग त्यहीँ पुगेर उनले इन्गेजमेन्टको घोषणा गरेकी थिइन् । अश्मीले सन् २०१६ मा मिस नेपालको उपाधि जितेकी थिइन् । उनी त्यसयता मोडलिङ र म्युजिक भिडियोमा सक्रिय रहेकी छन् ।





# 'हास्य हराएको मान्छेको भूमिका निर्वाह गर्न चाहन्थें'

■ प्रभाव संवाददाता

**काठमाडौं** – कलाकार हरिवंश आचार्यको पहिचान नै हास्य व्यंग्यात्मक प्रहसन र प्रस्तुति रहँदै आएको छ । तर, विसं २०७९ मा प्रदर्शन भएको चलचित्र 'महापुरुष' मार्फत राष्ट्रिय चलचित्र पुरस्कारमा उत्कृष्ट अभिनेता घोषणा भएर पुरस्कृत भएपछि उनले आफूलाई नियमितभन्दा फरक भूमिकामा कला प्रस्तुत गर्दै आएका छन् ।

सतसठ्ठी वर्ष पुगिसक्दा पनि आफ्ना कामलाई उनले गम्भीरतापूर्वक लिनुहुन्छ र नयाँ कलाकारझैँ मेहनत गरेर आफ्नो कर्म गर्छन् । उनले चलचित्र 'भूठान' मा नियमितभन्दा फरक अभिनय गरेका छन् । अर्थात् चलचित्रभर हसाएको दृश्यमा उनी देखिँदैनन् । चलचित्र 'बलिदान' पछि पूर्णतया गम्भीर पात्रमा आफू पहिलोपटक देखिएको अभिनेता आचार्यले बताए ।

उनले भने, 'मलाई हास्य हराएको मान्छे बनेर चलचित्रमा अभिनय गर्ने रहर थियो, त्यो यसपटक पूरा भएको छ । मैले 'महापुरुष'मा पनि आफ्नो छविभन्दा फरक रूपमा प्रस्तुत हुने कोसिस गरेको थिएँ, तर त्यसमा निर्देशकले मलाई सन्तुलित रूपमा प्रस्तुत गर्नुभयो । यसपटक भने फिल्म अवधिभर एकपटक मात्र हाँसेको छु ।'

चलचित्रको श्रव्यदृश्य (ट्रेलर) सार्वजनिक गर्दै उनले सुरुमा कथाअनुसारको पात्र भएर बाँच्न कठिनाइ भएको स्मरण गरे । किनकि उनले यस किसिमको पात्रको भूमिकामा रही अभिनय नगरेको धेरै भएको थियो । यद्यपि कथा र उठान गरिएको विषयवस्तुले भने अभिनेता आचार्यलाई लोभ्याएको थियो ।

'एउटा कलाकारले कहिले पनि राम्रो कथालाई छाड्न सक्दैन । फिल्ममा अभिनय गर्नेक्रममा निर्देशकले तपाईं नेपाल जान नपाउने हुनुभयो भने के गर्नु हुन्छ, भनेर प्रश्न गरेपछि सुरुमा एकछिन अप्ठ्यारोमा परेँ । त्यही भावलाई चलचित्रमा प्रस्तुत गर्न भन्नुभयो, त्यही गरेँ । अहिले फर्केर हेर्दा राम्रै गरेँजस्तो लाग्छ', अभिनेता आचार्यले स्पष्ट गरे ।

उनले चलचित्रमा भूठानबाट अमेरिका पुगेको एक व्यक्तिको भूमिका निर्वाह गरेका छन् । उक्त व्यक्ति आफ्नै देशमा फर्किन चाहेन्थे तर नसकिरहेको घटनाक्रममा आधारित भई अभिनेता आचार्यले चलचित्रमा अभिनय गरेका छन् । विनोद पौडेलले निर्देशन गरेको चलचित्रमा अभिनेता आचार्यसँगै हलिउड अभिनेता ब्रुस डर्न, दयाहाङ राई, अनुराधा मजुमदार, पूजा चन्द लामा, रिचा घिमिरे, जोएस पाण्डेलगायतका कलाकारले अभिनय गरेका छन् । चलचित्र 'भूठान' यही वैशाख १२ गतेदेखि देशभर प्रदर्शन हुने बताएको छ ।

# राजधानीमा 'ललितकला मेला'

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाली ललितकला प्रज्ञा-प्रतिष्ठानको आयोजनामा नववर्ष २०८२ र प्रतिष्ठानको १६ औं स्थापना दिवसको सन्दर्भ पारेर 'ललितकला मेला- २०८२' जारी रहेको छ ।

मेलाको प्रतिष्ठानका संरक्षक तथा संस्कृति, पर्यटन तथा नागरिक उ•यन मन्त्री बद्रीप्रसाद पाण्डेले मंगलबार उद्घाटन गरेका थिए । उक्त अवसरमा मन्त्री पाण्डेले कलाले ज्ञान, अध्ययन तथा अनुसन्धानको गहिराइमा पुगी समाजको अन्तर्चेतना जगाउने काम गर्ने अनि समाजलाई सही बाटामा लाग्न उत्प्रेरित गर्ने काम गर्ने बताए ।



कला क्षेत्रका परम्परागत ज्ञान, सिपलाई पुस्तान्तरण गर्नुपर्नेमा जोड दिदैँ उनले यही नै पछिका लागि इतिहास बन्ने धारणा राखेका हुन् । 'यसरी जीवनदर्शन तथा समाजको परिवेश बोकेको कलामा साधनारत कला साधकहरू आफ्नो गन्तव्य तय गरी लाग्नुपर्दछ,', पाण्डेले भने ।

प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले प्रतिष्ठानले पहिलो पटक आयोजना गरेको मेलामा कला सरोकारी, ललितकर्मी, विद्यार्थी, सर्वसाधरणलगायतको उल्लेख्य उपस्थिति रहँदा प्रतिष्ठानलाई थप ऊर्जा मिलेको बताए । नेपाली कला क्षेत्रलाई थप चलायनमान बनाउन यस कार्यक्रम गरिएको बताउँदै उनले मेलालाई आगामी वर्ष अझ भव्य रूपमा आयोजना गरिने जानकारी गराए ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति निशा शर्माले कार्यक्रम सफलताको शुभकामना व्यक्त गर्दै ठुलो कुरा सुरुवात साना-साना प्रयासबाटै हुने बताए ।

प्रतिष्ठानका उपकुलपति तथा कार्यक्रम संयोजक लालकाजी लामाले नेपाली ललितकला क्षेत्रमा साधना, सिर्जना र अभ्यासमा रहेका कलाका विविध विधालाई समेटेर मेलाको आयोजना गरिएको बताए । उनले प्रतिष्ठानलाई कला हबका रूपमा विकास गर्न यस मेलाले महत्वपूर्ण सहयोग गर्ने धारणासमेत राखेका छन् ।



प्रतिष्ठानका सदस्य सचिव देवेन्द्रकुमार काफ्ले 'थुम्केली'ले मेलाले ललितकलाका माध्यमबाट नेपाली मौलिक संस्कृतिको प्रचार-प्रसार, नेपाली ललितकलाको बजार प्रवर्धन, कला पर्यटनको विकासलगायतका क्षेत्रमा थप सहयोग गर्ने बताए । विभिन्न माध्यमहरूमा बनेका चित्रकला, मूर्तिकला, हस्तकलालगायत लोककला, बहुआयामिक तथा अन्य सिर्जनात्मक कलालगायतका विधा तथा कला सामग्रीको बजार विकास र प्रवर्द्धन कार्यको थालनीका लागि यस मेला गरिएको हो ।

मेलाका माध्यमबाट यी विविध विधाका कलाकार, समालोचक, अध्येता, बुद्धिजीवी, अनुसन्धानदाता, कलाकृति तथा कला वस्तुहरूसँगै सर्जकहरूसमेतलाई एकै थलोमा भेला गराई स्थलगत रूपमा ललितकलाको प्रवर्धन तथा कलाकारको सम्मान र ललितकलामार्फत देशको सांस्कृतिक अर्थतन्त्रमा योगदान दिने रहेको छ ।

समग्रमा यस मेलाले नेपाली ललितकलाको विकासमा टेवा पुऱ्याउने छ । ४५ भन्दा बढी स्टल रहेको मेला वैशाखको ६ गतेसम्म चल्ने छ ।



केपी ओली कप

# सेमिफाइनल समीकरण पूरा

## काठमाडौं र हिमाल फ्रेण्ड्स तथा गण्डकी र अत्तरिया भिड्ने

■ प्रभाव संवाददाता

**कास्की–** पोखरामा सञ्चालन भइरहेको दोस्रो संस्करणको 'केपी ओली कप' टी-२० राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगितामा सेमिफाइनल पुग्ने चारवटै टोलीको टुंगो लागेको छ ।

पोखरा रंगशालामा समूह 'डी' को बुधबार सम्पन्न अन्तिम खेलमा अत्तरिया क्रिकेट एकेडेमी समूह विजेता बनेर सेमिफाइनल पुगेको हो । समूह चरणको अन्तिम खेलमा मालपोखरी क्रिकेट क्लबलाई ६ विकेटले हराउँदै शतप्रतिशत जितका साथ शीर्ष स्थानमा रहँदै अत्तरिया अन्तिम चारमा पुग्न सफल भयो ।

यसअघि समूह 'ए' बाट सिइसी काठमाडौं, 'बी' बाट गण्डकी हिरोज र 'सी' बाट हिमाल फ्रेन्ड्स क्रिकेट क्लब अन्तिम चारमा प्रवेश गरिसकेका छन् । खेलमा जितका लागि १२५ रनको विजयी लक्ष्य अत्तरियाले १४ ओभरको दोस्रो बलमा चार विकेट गुमाउँदै भेट्टायो । अत्तरियाका निश्चल क्षेत्री ३० र अर्जुन विक १२ रनमा नटआउट रहे । निश्चलले २६ बलमा तीन चौका र एक छक्का प्रहार गरे । अर्जुनले १४ बलमा दुई चौका प्रहार गरे । ओपनर अभिषेक पलले ३८ रनको योगदान दिँदै आउट भए । मालपोखरीका लागि सन्दिप खड्का, सिराज हावारी, डब्लु मलिकले समान १/१ विकेट लिए ।

यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको मालपोखरीका लागि विजय गुप्ताले ३८ रनको योगदान दिँदै आउट



भए । ओपनर सोहनकुमार यादव १६, डब्लु मलिक १७, जितेश मन्डल १७, रन्विर यादव २, सिराज हावारीले रन बनाए । अत्तरियाका लागि अर्जुन विक, हिकमत महर, शौर्या श्रेष्ठ र सुशील साउदले समान २/२ तथा भोजराज भट्टले एक विकेट लिए ।

त्यसअघि सोही समूहको खेलमा होरिजोन क्रिकेट क्लबले सुन्दर हरैंचा क्रिकेट क्लबलाई सात विकेटले हराएको थियो । १४० रनको विजयी लक्ष्य पाएको होरिजोनले उत्कृष्ट प्रदर्शनी गर्दै १२ ओभरको तेस्रो बलमा तीन विकेट गुमाउँदै लक्ष्य भेट्टायो ।

अत्तरियाले कूल तीन खेलमा तीन जित हात पार्दै छ अंकका साथ शीर्ष स्थानमा रहँदै अन्तिम चारमा स्थान बनाएको हो । होरिजोन क्रिकेट क्लबले तीन खेलमा दुई जित र एक हारसहित दोस्रो स्थानमा रह्यो । मालपोखरीले तीन खेलमा एक जित दुई हारसहित दुई अंकका साथ तेस्रो स्थानमा रहँदा सुन्दरहरैंचा क्रिकेट क्लब जितविहीन हुँदै पुछारमा रह्यो । प्रतियोगिताअन्तर्गत बिहीबार पहिलो सेमिफाइनल काठमाडौं र हिमाल फ्रेण्ड्स तथा दोस्रो सेमिफाइनल गण्डकी र अत्तरियाबीच हुनेछ ।

गत चैत २३ गतेदेखि सुरु भएको प्रतियोगितामा कूल १६ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए । प्रतियोगिताको फाइनल खेल वैशाख ५ गतेसम्म सञ्चालन हुनेछ । च्याम्पियन टोलीले नगद रु १० लाख र उपविजेताले नगद रु पाँच लाखका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यसैगरी, 'म्यान अफ दि सिरिज'ले नगद रु ३० हजार, वेष्ट बलर, बेष्ट ब्याटरले जनही नगद रु १० हजारका साथमा ट्रफी प्राप्त गर्ने आयोजक मदन भण्डारी स्पोर्टस् एकेडेमीले जनाएको छ ।

विश्वकप एसिया छनोट

# हङकङलाई पराजित गर्दै नेपालको लगातार तेस्रो जित




■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी यु-१९ पुरुष क्रिकेट विश्वकप एसिया छनोटअन्तर्गत नेपालले तेस्रो जित निकालेको छ । बुधबारको खेलमा नेपालले हङकङलाई नौ विकेटले हराउँदै जारी प्रतियोगितामा तेस्रो जित निकालेको हो ।

हङकङले जितका लागि दिएको एक सय १६ रनको लक्ष्य नेपालले १२ दशमलव तीन ओभरमा एक विकेट गुमाउँदै पूरा गरेको हो । नेपालका लागि साहिल पटेलले अविजित ४२ रन बनाउँदा कप्तान नरेन भट्ट पनि अविजित रहँदै ३९ रन जोडे । नेपालका लागि नीरज यादवले २३ रनको योगदान दिए । नेपालले अतिरिक्त नौ रन प्राप्त गरेको छ ।

हङकङका लागि शयन पुरीले एक विकेट हात पारे । तल्लो मूलपानी क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको हङकङले ४६ दशमलव दुई ओभरमा अलआउट हुँदै एक सय १५ रन बनाएको हो ।

हङकङका लागि शिव माथुरले अर्धशतकीय पारी खेले । उनले एक सय १६ बलमा चार चौका र एक छक्काको मद्दतले सर्वाधिक ६३ रन बनाएका हुन् । यस्तै, आर्या पन्जवानीले १३, वीर माथुरले १२ र ह्यारी थोमस हजसनले १० रनको योगदान दिँदा अन्य कुनै खेलाडीले दोहोरो अंकको रन बनाउन सकेनन् ।

नेपालका लागि युवराज खत्रीले सर्वाधिक चार विकेट लिए । विपिनप्रसाद शर्माले तीन, सन्तोष यादवले दुई र अशोक धामीले एक विकेट हात पारेका हुन् ।



मलेसियाको क्वालालम्पुरमा चिनियाँ राष्ट्रपति सी चिनफिङलाई स्वागत गर्दै । सी राजकीय भ्रमणका लागि मंगलबार मलेसिया आइपुगेका हुन् ।
*तस्बिरः सिन्ह्वा*

# चीनद्वारा नयाँ व्यापार दूत नियुक्त

**बेइजिङ–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आयातमा लगाएको करवृद्धिको विरोधमा चीनले प्रतिशोधात्मक उपाय अवलम्बन गरेपछि बढेको तनाव व्यवस्थापनमा पहल गर्न भन्दै विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनले बुधबार नयाँ व्यापार दूत नियुक्त गरेको जनाएको छ । बेइजिङको मानव संशाधन मन्त्रालयले आफ्नो वेबसाइटमा जारी गरेको विज्ञप्तिमा ली चेङगाङले अन्तर्राष्ट्रिय व्यापार वार्ताका लागि प्रतिनिधि र वाणिज्य उपमन्त्रीको भूमिका निर्वाह गर्ने छन् ।

यसअघि विश्व व्यापार संगठनका लागि बेइजिङका राजदूत र स्विट्जरल्याण्डको जेनेभामा संयुक्त राष्ट्रसंघका लागि स्थायी उपप्रतिनिधिका रूपमा काम गरिसकेका ५८ वर्षीय लीलाई कुशल कूटनीतिज्ञका रूपमा हेर्ने गरिएको छ । उनले चीनको पेकिङ विश्वविद्यालय र जर्मनीको युनिभर्सिटी अफ हयाम्बर्गबाट कानुनमा डिग्री हासिल गरेका छन् । उनलाई वाङ शौवेनको उत्तराधिकारीका रूपमा जिम्मेवारी तोकिएको मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

वाङले सन् २०२० मा चीन र अमेरिकाबीच व्यापार सम्झौता गर्ने वार्तामा भाग लिएका थिए । ट्रम्पले विशेषगरी चिनियाँ आयातलाई लक्षित गरी विश्वव्यापी कर आक्रमण सुरु गरेदेखि नै बेइजिङ र वासिङ्टनबीच करबारे चर्काचर्कीको खेल सुरु भएको छ । प्रतिशोधका कारण चीनमाथि लगाइएको अमेरिकी कर १४५ प्रतिशत पुगेको छ भने अमेरिकी सामानमा बेइजिङको कर १२५ प्रतिशत पुगेको छ । चीनले आफ्नो अर्थतन्त्र पहिलो त्रैमासिकमा ५.४ प्रतिशतले वृद्धि भएको बुधबार बताएको छ, जुन अपेक्षाभन्दा माथि भएको बताइएको छ । *रासस/एएफपी*

# चिनियाँ राष्ट्रपति सी र मलेसियाली नेताबीच भेटवार्ता



**क्वालालम्पुर–** चिनियाँ राष्ट्रपति सी चिनफिङले मलेसियाका राजासँग बुधबार भेटवार्ता गरेका छन् । सीको उद्देश्य बेइजिङलाई 'आधिपत्य होइन, भरपर्दो साझेदार'का रूपमा स्थापित गर्नु रहेको विश्लेषकहरूले बताएका छन् ।

सी यसै साता दक्षिणपूर्वी एसियाको भ्रमणका लागि प्रस्थान गरेका थिए । उनले यसअघि भियतनामको भ्रमण गरिसकेका छन् । मलेसियापछि राष्ट्रपति सीले कम्बोडियाको पनि भ्रमण गर्ने छन् । बेइजिङले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दण्डात्मक कर प्रणालीको स्थिर विकल्पको रूपमा आफूलाई स्थापित गर्ने प्रयास गरिरहेको छ ।

सीलाई मलेसियाका राजा सुल्तान इब्राहिमले बुधबार सुनौलो गुम्बज भएको इस्ताना दरबारमा रंगीचंगी समारोहबीच स्वागत गरेका थिए । राजासँगको वार्तापछि सीले प्रधानमन्त्री अनवर इब्राहिमलाई भेट गरे । प्रधानमन्त्री इब्राहिमले बुधबार नै क्वालालम्पुरबाहिर रहेको प्रशासनिक राजधानीका रूपमा चिनिने पुत्रजयामा राष्ट्रपति सीका लागि रात्रिभोजको आयोजना गरेका छन् ।

मलेसियाली विदेश मन्त्रालयका अनुसार दुवै नेताले विभिन्न द्विपक्षीय सम्झौतामा हस्ताक्षर गरेका छन् । मलाया विश्वविद्यालयको अन्तर्राष्ट्रिय तथा रणनीतिक अध्ययन विभागका एसोसिएट प्रोफेसर खु यिङ हुइले भने, 'यो मित्रताको मात्र कुरा होइन, यो बेइजिङप्रतिको गुरुत्वाकर्षणको क्षेत्रीय केन्द्रलाई पुनः व्यवस्थित गर्ने विषय हो ।'

उनले एएफपीसँगको कुराकानीमा अमेरिकी व्यापार उपायहरूले विश्वबजारलाई अस्तव्यस्त बनाइरहेको बेला 'क्षेत्रीय ऐक्यबद्धताका लागि जलक्षेत्र' का लागि यो भ्रमण योजनाबद्ध कदम भएको बताए । दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन (आसियान) क्षेत्रीय समूहका सदस्यहरू अमेरिकी करबाट सबैभन्दा बढी प्रभावित भएका छन्, यसले वासिङ्टनका मित्र र सहयोगीलाई समेत अलग गर्ने खतरा छ । मलेसिया यस वर्षको आसियानको अध्यक्ष हो ।

आसियान सदस्य भियतनामलाई ४६ प्रतिशत र ठूला पश्चिमा ब्राण्डका लागि सस्तो मूल्यमा कपडा उत्पादन गर्ने कम्बोडियामाथि ४९ प्रतिशत कर लगाइएको थियो । दक्षिणपूर्वी एसियाको तेस्रो ठूलो अर्थतन्त्र रहेको मलेसियामा २४ प्रतिशत कर घटाइएको छ ।

अमेरिकी प्रशासनले चीनबाहेकका कतिपय मुलुकमा ९० दिनका लागि आधारभूत करबाहेकका कर वृद्धिलाई स्थगन गरिएको छ तर ट्रम्पले कुनै पनि देश 'करको दायराबाट टाढा' नरहेको बताएका छन् । चीन र मलेसियाले गत वर्ष कूटनीतिक सम्बन्धको ५० औं वर्षगाँठ मनाएका थिए र बलियो व्यापारिक सम्बन्धको आनन्द उठाएका थिए । यद्यपि मलेसियाले दक्षिण चीन सागरको केही भागमाथि दाबी गरेको छ, बेइजिङले लगभग पूर्ण सार्वभौमिकताको दाबी गरेको छ ।

चीन लगातार १६ वर्षदेखि मलेसियाको सबैभन्दा ठूलो व्यापारिक साझेदार रहँदै आएको छ र दुई देशबीचको कूल व्यापारले गत वर्ष मलेसियाको विश्वव्यापी व्यापारको १६.८ प्रतिशत हिस्सा ओगटेको मलेसियाली विदेश मन्त्रालयले जनाएको छ । मलेसियाको 'द स्टार' पत्रिकामा मंगलबार प्रकाशित लेखमा सीले संरक्षणवादविरुद्ध लड्न र विश्वव्यापी आपूर्ति शृंखलालाई स्थिर राख्न चीनले दक्षिणपूर्वी एसियाली मुलुकहरूसँग मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

'हामीले बहुपक्षीय व्यापार प्रणालीलाई कायम राख्नुपर्छ, विश्वव्यापी औद्योगिक र आपूर्ति शृंखलालाई स्थिर राख्नुपर्छ र खुलापन र सहयोगको अन्तर्राष्ट्रिय वातावरण कायम राख्नुपर्छ,' सीले भनेका छन् । *रासस/एएफपी*

## अमेरिका-चीन व्यापार युद्ध

# कर वृद्धिबारे निर्णय अब चीनको हातमा : ट्रम्प




**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बेइजिङले बोइङ सम्झौताबाट पछि हटेको आरोप लगाउँदै ह्वाइट हाउसले व्यापारका विषयमा वार्ताको टेबुलमा आउने वा नआउने निर्णयका लागि बल अब चीनको हातमा रहेको बताएका छन् ।

'बल चीनको कोर्टमा छ । चीनले हामीसँग सम्झौता गर्नुपर्छ । हामीले उनीहरूसँग सम्झौता गर्नु पर्दैन,' ट्रम्पका प्रेससचिव कारोलिन लेभिटले पढेर सुनाएको प्रेस वक्तव्यमा भनिएको छ । 'चीन र अन्य कुनै पनि देशबीच कुनै भिन्नता छैन, फरक यत्ति हो भूगोलका हिसाबले कुनै ठूलो छ र कुनै सानो छ,' उनले भने ।

ट्रम्पले अमेरिकी उड्डयन कम्पनी बोइङसँगको ठूलो सम्झौताबाट चीनपछि हटेको बताएपछि लिभिटको यो टिप्पणी आएको हो । ब्लुमबर्गको एक समाचार रिपोर्टपछि बेइजिङले एयरलाइन्सहरूलाई बोइङ कम्पनीका जेटहरूको थप डेलिभरी नलिन आदेश दिएको थियो । *रासस/एएफपी*

# अमेरिकासँग व्यापार युद्ध लड्न डराउने छैन : चीन



**बेइजिङ–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले वार्ताको टेबुलमा आउने कुरा बेइजिङमा निर्भर रहेको बताएपछि चीनले बुधबार अमेरिकासँग व्यापार युद्ध लड्न 'नडराउने' चेतावनी दिएको छ । यद्यपि, चीनले वार्ताका लागि अमेरिकालाई पुनः आह्वानसमेत गरेको छ ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले भने, 'यदि अमेरिका वास्तवमै संवाद र वार्ताको माध्यमबाट समस्याको समाधान गर्न चाहन्छ भने उसले चेतावनी र ब्ल्याकमेलिङजस्ता अत्यधिक दबाबको नीति रोक्नुपर्छ र समानता, सम्मान र पारस्परिक लाभका आधारमा चीनसँग वार्ता गर्नुपर्छ ।'

ट्रम्पले सुरुमा फेन्टानिल आपूर्ति शृंखलामा चीनको कथित भूमिकाको कारण चीनबाट आयात हुने सामानमा कर लगाएका थिए । हालै, वासिङ्टनले अनुचित ठानेको व्यापार अभ्यासमाथि ती करहरू तीव्र रूपमा वृद्धि भएका छन् । यस वर्ष राष्ट्रपति ट्रम्पले चीनबाट आउने धेरै सामानमा थप १४५ प्रतिशत कर लगाएका छन् ।

फेन्टानिल र अन्य अवैध लागूपदार्थमा २० प्रतिशत र व्यापार अभ्यासमा १२५ प्रतिशतभन्दा बढी कर समावेश छन् । ट्रम्प प्रशासनले स्मार्टफोन र ल्यापटपजस्ता केही प्राविधिक उत्पादनहरूमा पछिल्लो कर वृद्धिबाट अस्थायी छुट दिएको छ ।

मंगलबार अमेरिकी राष्ट्रपतिले भने, 'बल चीनको कोर्टमा छ । चीनले हामीसँग सम्झौता गर्न आवश्यक छ ।' राष्ट्रपति ट्रम्पका प्रेससचिव कारोलिन लेभिटले पढेर सुनाएको विज्ञप्तिमा यस्तो भनिएको छ । यसप्रति बेइजिङको तर्फबाट लीनले बुधबार प्रतिक्रिया दिँदै भने । *रासस/एएफपी*

**चाँगुनारायण नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खरिपाटी, भक्तपुर**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०८२/०१/०४**

यस नगरपालिकाबाट तपशिल अनुसारको ठेक्का नं. मा उल्लेखित कार्यको लागि मिति २०८१/०९/०८ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार तोकिएको मिति भित्र रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्यांकन समितिबाट न्यूनतम मूल्यांकित भई सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतीको लागि तपशिलको बोलपत्र छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाता नाम र ठेगाना | कबोल अंक (मु.अ कर. समेत) |
|---|---|---|---|---|
| 1 | CM/WORKS/ 09/081/82/03 | KMC faidhoka cha na pa 1 ward saraswati khel bus park somthali syaldanda sadak staronnati | Devithan/ Deshemaru J.V. | 2,57,71,636.08 |

**प्रमुख प्रशासकीय अधिकृत**

**लेटाङ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लेटाङ, मोरङ**
**कोशी प्रदेश**

**बोलपत्र स्वीकृत गर्ने आसयको सार्वजनिक सूचना**

**सद्रचना प्रकाशित मितिः २०८२/०१/०४**

लेटाङ नगरपालिका आ.व. २०८१।०८२ अन्तर्गत तपसिलमा उल्लेखित योजनालागि पेश हुन आएका बोलपत्रहरु बोलपत्र मूल्यांकन समितिले दिएको प्रतिवेदन बमोजिम न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरु ठहर भई स्वीकृत गरिने भएकोले सार्वजिनक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्वन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | ठे. नं. | योजनाको विवरण | घटि कवोल गर्ने निर्माण व्यवसायीको नाम | ठेगाना | बोलपत्ररदरभाउपत्रमा घटी कवोल रकम मु.अ.कर र पि.एस.बाहेक | ला.अ.मा घटी % |
|---|---|---|---|---|---|---|
| १. | LM/MOR/ NCB/W/ 2081-82/14 | Construction Work of Public Health Centre Building. Ward No. 9 | Jakavs International Engineering Group | कागेश्वरी मनहरा–९ | १७६३९२४।५० | २५.८७ |

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - १८७००० | प्रति तोला - ० | प्रति तोला - १९५५ |



**फूलघोडाको व्यापार** | इटहरी-४ कचना मन्दिरमा बुधबार लागेको सिरुवा मेलामा फूलघोडा बेच्न बसेका महिलाहरू । यहाँ प्रत्येक वर्ष वैशाख ३ गते मेला लाग्ने गर्छ । मेलाको दिन थानमा फूलघोडा चढाउँदा मनोकामना पुराहुने धार्मिक विश्वास रहेको छ । *तस्बिर : ध्रुव ढकाल/रासस*

# पर्यटन क्षेत्रलाई चलायमान बनाउन होटलमा थपिँदै लगानी

■ प्रभाव संवाददाता

**राँझा (बाँके)–** नेपालगञ्जमा पर्यटन क्षेत्रलाई चलायमान बनाइ राख्न यहाँको होटल व्यवसायमा लगानी थपिँदै गएको छ । नेपालगञ्जमा सञ्चालनमा रहेका तारे होटलले पूर्वाधार विस्तारसँगै सेवा सुविधा स्तरोन्नतिमा लगानी थप्दै गएका छन् भने नयाँ होटलले ठूलो मात्रामा लगानी गरिरहेका छन् ।

यहाँ निर्माणाधीन पाँचतारे होटल 'पौवा वेस्टर्न'ले रु एक अर्ब लगानी गर्दैछ । नेपालगञ्जको होटलमा नेपाली हस्पिटालिटीभित्र अन्तरराष्ट्रिय सुविधा रहने गरी एक अर्बको हाराहारीमा लगानी गर्ने योजना बनाएको होटल पौवाका अध्यक्ष दुर्गा भण्डारीले जानकारी दिए । उनका अनुसार, पहिलो चरणको काम सम्पन्न भई अत्याधुनिक सभा हल तथा नेपाली रेस्टुरेण्ट सेवा सुरु भइसकेको छ भने मुख्य आवास भवन निर्माण भइरहेको छ । यस क्षेत्रको पर्यटन क्षेत्रलाई चलायमान बनाइ राख्न आवश्यक पूर्वाधार र सुविधामा कमी हुन नदिने उनी बताउँछन् ।

होटल पौवा नेपालगञ्जका प्रबन्धक गिरिराज पाण्डेले नेपालगञ्जमा सञ्चालित शाखामा फरक-फरक स्वाद र परिकारका पाँच रेष्टुरेण्ट, चार ठूलो सभा हलसहित १४ मिटिङ हल, सात स्वीट रुमसहित ९६ डिलक्स रूम उपलब्ध हुने जानकारी दिए । नेपालगञ्जमा पहिलो होटलका रूपमा नौ तलासहितको एउटै छानामुनी स्पा, स्वीमिङ, जिम सुविधा रहने उनको भनाइ छ ।

नेपालगञ्जमै सञ्चालित होटल सिटी प्यालेसले पूर्वाधारमा लगानी थप गरी पाँचतारेस्तरको सुविधा उपलब्ध गराउन सक्षम भएको होटलका सञ्चालक लोकेन्द्र अर्यालले बताए । उनले पाँचतारे होटलको मापदण्डअनुसार पूर्वाधारदेखि लिएर सेवा सुविधाको लागि थप लगानी गरिएको जानकारी दिए ।

कोभिड-१९ र त्यसपछिको आर्थिक मन्दीले थलिएको होटल तथा पर्यटन व्यवसाय प्रगतिउन्मुख रहेको होटल व्यवसायी संघ बाँके, नेपालगञ्जका अध्यक्ष रंगबहादुर खड्काले बताए । उनले सुधारतिर गइरहेको अवस्थालाई थप टेवा दिन नीतिगत रूपमै सरकारले सकारात्मक वातावरण बनाइ दिनुपर्ने बताए ।

'बाहिर जे-जस्तो भाष्य स्थापित गर्न खोजिए पनि आर्थिक क्षेत्र चलायमान भइरहेको भन्ने तथ्यले देखाएको छ', खड्काले भने, 'करोडौं लगानीका होटल त्यत्तिकै खुलिरेहका होइनन्, अवस्थामा सुधार देखिँदै आइरहेको छ ।' संघका संस्थापक अध्यक्ष मदन बिसीले होटल व्यवसायीप्रतिको बुझाइमा आएको सकारात्मक दृष्टिकोणले व्यावसायिक परिस्थितिमा सुधार ल्याएको बताए । 'हिजो होटलमा पस्दा बस्दादेखि नै अर्कै नजरले हेरिन्थ्यो, शङ्का गरिन्थ्यो, पछिल्ला दुई दशकमा नेपालीको दृष्टिकोण मै व्यापक परिवर्तन आएको छ, अब त बिहेका भोजमात्रै होइन कन्यादानको पवित्र मण्डपनै होटलमा बन्न थालेका छन्, यसले व्यवसायमा सहयोग पुगेको छ', उनले भने ।

नगरकोट भ्रमण वर्ष-२०८२

# दुई दिनमै एक लाख पर्यटक भित्रिए

**भक्तपुर–** यही वैशाख १ गतेदेखि सुरु भएको 'नगरकोट भ्रमण वर्ष २०८२' मा दुई दिनमा एक लाख पर्यटकको आगमन भएको छ । पर्यटकीय क्षेत्र नगरकोटमा एक वर्षमा एक लाख बाह्य र १० लाख आन्तरिक पर्यटक भित्र्याउने लक्ष्य राखिएको यस अभियानअन्तर्गत दुई दिनमा एक लाख पर्यटकको आगमन भएको हो ।

पर्यटन प्रवर्द्धन, स्थानीयको आयस्रोत वृद्धि, रोजगारीका अवसर सृजना, विश्व पर्यटन बजारमा नगरकोटको पहिचानलाई स्थापितलगायत उद्देश्यसहित 'नगरकोट भ्रमण वर्ष २०८२' आयोजना गरिएको हो । नयाँ वर्षका दिन राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन गरेको भ्रमण वर्षका अवसरमा पहिलो दिन ५० हजारभन्दा बढी पर्यटकको आगमन भएको चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले जानकारी दिए । उनका अनुसार बुधबार बिहानसम्म नगरकोटमा एक लाखभन्दा बढी पर्यटकको आगमन भएको छ ।

उनले भने, 'नगरकोट भ्रमण वर्षको सुरुमा पर्यटकको आगमनले पर्यटन व्यवसायी उत्साहित हुनुभएको छ । गत चैत अन्तिम दिन कुनै पनि होटलका कोठा खाली थिएनन्, होमस्टेसमेत भरिएका थिए । वैशाख १ गते एकैदिन ५० हजारभन्दा बढी पर्यटकको आगमन भएको थियो । आजसम्ममा एक लाख पर्यटकको आगमनले हामी उत्साहित भएका छौं ।'

भ्रमण वर्ष उद्घाटनस्थल बतासे डाँडामा ६० वटा स्टलमा स्थानीय खानाका परिकार, घरेलु उत्पादनलगायत सामग्री बिक्री भइरहेको छभने वैशाख २ गते सोही स्थानमा इन्द्रेणी सांस्कृतिक समूहले भव्य सांस्कृतिक कार्यक्रमको आयोजना गरेको थियो ।

तेस्रो तथा उद्घाटन कार्यक्रमको समापनका दिन गायक प्रकाश सपुत र स्थानीय सांस्कृतिक समूहको प्रस्तुति रहेको छ । सांस्कृतिक कार्यक्रममा २५ हजारभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटकको आगमन भएको नगरकोट नाल्दुम पर्यटक विकास समितिका उपाध्यक्ष एवं चाँगुनारायण-६ का वडाध्यक्ष धनबहादुर लामाले जानकारी दिए ।

नगरकोटमा सुरु भएको भ्रमण वर्ष १२ महिना अर्थात् आगामी चैत मसान्तसम्म सञ्चालन हुने जानकारी दिँदै नगरप्रमुख खत्रीले चाँगुनारायण, मण्डनदेउपुर, बनेपा र शंखरापुर नगरपालिकाले संयुक्त रूपमा आयोजना गरेको भ्रमण वर्षको सुरुआत पूर्ण रूपमा सफल भएको बताए ।

नगरकोट आएका हजारौं पर्यटकले यहाँको हिमाली दृश्य, सूर्योदय, सूर्यास्त, यहाँका विभिन्न स्टलको अवलोकन गर्नुका साथै यहाँका प्राकृतिक सौन्दर्यताको समेत अवलोकन गरेका उनको भनाइ छ । नगरकोटमा उद्घाटनका तीन दिनमा एक लाख स्वदेशी तथा विदेशी पर्यटकलाई भित्र्याउने उद्देश्य रहेकामा उक्त उद्देश्य पूरा भएको भन्दै एक वर्षमा ११ लाख पर्यटकलाई नगरकोट ल्याउने र पर्यटनको विश्वबजारमा नगरकोटलाई चिनाउने नगरप्रमुख खत्रीले बताए ।

भ्रमण वर्षका क्रममा वर्षभरि चारवटै पालिकाले प्रत्येक महिनामा कम्तीमा एउटा संयुक्त रूपमा नगरकोट केन्द्रित पर्यटक लक्षित कार्यक्रम सञ्चालन गर्ने र सबै पालिकाले आफ्ना नगरहरूमा पनि पर्यटकीय गन्तव्य बनाउने गरी थप कार्यक्रम वडास्तरबाट सञ्चालन गर्ने योजना रहेको उनले जानकारी दिए ।

भ्रमण वर्षले चारवटै पालिकाको ऐतिहासिक सम्पदा, कला, संस्कृति, प्राकृतिक सौन्दर्यता, विभिन्न जातीय चाडपर्व, यहाँका उत्पादनलगायत सम्पूर्ण क्षेत्रका बारेमा स्वदेशी तथा विदेशी पर्यटकलाई जानकारी दिने र लुकेर रहेका पर्यटकीय क्षेत्रलाई उजागर गर्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यलाई पूरा गर्ने विश्वास लिइएको नगरप्रमुख खत्रीले बताए ।

नगरपालिकाका उपप्रमुख रमेश बुढाथोकीले नगरकोटबाट देखिने सूर्योदय, सूर्यास्त र हिमाली दृश्य मात्र नभई यहाँका वडा नं १ देखि ९ सम्मका सम्पदाका बारेमा पर्यटकलाई जानकारी गराउँदै प्रचारप्रसार गर्ने, यहाँका सबै पर्यटकीय गन्तव्यलाई देश र विदेशमा प्रचार गर्नेगरी भ्रमण वर्ष सफल पार्ने बताए ।

नगरकोट पुग्ने सबै सडक स्तरोन्नति गरेको, चारवटै पालिकाबाट सहजै नगरकोट पग्ने व्यवस्था गरेको, काठमाडौं नगरकोट सिँधा बस सञ्चालन गरेको, नगरकोटलाई सिङ्गारिएर झकिझकाउ बनाएको बताउँदै भ्रमण वर्षले पर्यटन व्यवसायीलाई समेत उत्साहित बनाएको उपप्रमुख बुढाथोकीले उल्लेख गरे । *रासस*

# अटो व्यवसायीको नयाँ संगठन 'नाइमा'को घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालका अटोमोबाइल व्यवसायीको नयाँ सङ्गठन अटोमोबाइल आयातकर्ता तथा उत्पादक संघ (नाइमा) को औपचारिक घोषणा गरिएको छ ।

'गतिशीलतामार्फत विकास सशक्तीकरण' को सन्देशका साथ आज 'नाइमा' औपचारिक रूपमा शुभारम्भ गरिएको हो । नाइमाको पहिलो अध्यक्ष तथा नेपालको अटोमोटिभ क्षेत्रमा यो पद सम्हाल्ने पहिलो महिला ऋतुसिंह वैद्य हुन् । घोषणासभामा उनले संगठनको दृष्टिकोण, लक्ष्य र पाँच आधारभूत स्तम्भबारेमा अवगत गराएका थिए ।

अध्यक्ष वैद्यले नाइमाले राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा नेपालको मोबिलिटी क्षेत्रको सामूहिक आवाजलाई प्रतिनिधित्व गर्न, रणनीतिक सहकार्य, विकास र पैरवी गर्न एकीकृत मञ्चका रूपमा काम गर्ने उल्लेख गरे । कार्यक्रममा अध्यक्ष वैद्यले नाइमाका संस्थापक कार्यसमिति सदस्यहरू सुहृदराज घिमिरे, शेखर गोल्छा, क्याबिनेट श्रेष्ठ, सौरभ ज्योति, सन्दीपकुमार शारडा, निराकर श्रेष्ठ, यमुना श्रेष्ठ, निकुञ्ज अग्रवाल, हेमन्त गोल्छा र उदयन काब्रालाई परिचय गराएका थिए ।

साथै कार्यक्रममा नाइमाले आगामी साउन २१ देखि २५ गतेसम्म आयोजना गर्ने नेपाल मोबिलिटी एक्स्पोको औपचारिक घोषणा गरिएको थियो । नाइमा अटो शो समितिका सदस्य गौरव शारडाले एक्स्पोको लोगो र कार्यक्रमबारेमा सार्वजनिक गरिएको थियो । नेपाल मोबिलिटी एक्स्पोले अत्याधुनिक मोबिलिटी समाधान र नेपालमा विकसित हुँदै गइरहेको मोबिलिटी संस्कृति प्रदर्शन गर्ने एक कोशेढुंगा सावित हुने बताइएको छ ।

# सात अंकले बढ्यो नेप्से परिसूचक

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सात दशमलव शून्य एक अंकले बढेर दुई हजार छ सय ९६ दशमलव २३ को विन्दुमा कायम भएको छ । बुधबार तीन सय २९ कम्पनीको एक करोड ६६ लाख ११ हजार पाँच सय ३२ कित्ता सेयर ६४ हजार तीन सय ६० पटक खरिदबिक्री हुँदा रू सात अर्ब २६ करोड ५१ लाख २२ हजार दुई सय ४१ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

वित्त समूहको उपसूचक शून्य दशमलव ६७, होटल तथा पर्यटन समूह शून्य दशमलव १६, लगानी शून्य दशमलव ३५, उत्पादन तथा प्रशोधन शून्य दशमलव १६, लघुवित्त शून्य दशमलव शून्य छ र अन्य समूहको उपसूचक एक दशमलव शून्य सात प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ ।

सबैभन्दा बढी जलविद्युत् समूह एक दशमलव ६३ र विकास बैंक समूह एक दशमलव ११ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव ३९, जीवन बिमा शून्य दशमलव शून्य पाँच, म्युचुअल फण्ड शून्य दशमलव ३६, निर्जीवन बिमा शून्य दशमलव ५५ र व्यापार समूह शून्य दशमलव ११ प्रतिशतले बढेको छ ।

कारोबारमा कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड र बलेफी हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य सबैभन्दा बढी छ दशमलव ८१ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा बढी डादी ग्रुप पावर लिमिटेडको रू ५९ करोड ४१ लाख ५३ हजार नौ सय ६० बराबरको १९ लाख ५० हजार आठ सय छ कित्ता सेयर किनबेच भएको छ ।

कर्पोरेट

## समृद्धि फाइनान्सका सिइओ घिमिरेले सम्हाले पदभार



**काठमाडौं (प्रस)–** समृद्धि फाइनान्स लि.का नवनियुक्त प्रमुख कार्यकारी अधिकृत सन्तोष कुमार घिमिरेले पदभार ग्रहण गरेका छन् । अध्यक्ष ठाकुर प्रसाद भट्टराईसँग सथप ग्रहण गरेपछि घिमिरिले पदभार ग्रहण गरेका छन् ।

सञ्चालक समितिको फागुन २८ गते सम्पन्न ५१४ औं बैठकले घिमिरेलाई प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गर्ने निर्णय गरेको थियो । नेपाल राष्ट्र बैंकमा ३० वर्ष सेवा गरि अवकाश भएका घिमिरेसँग गोर्खाज फाइनान्स लि.मा प्रमुख कार्यकारी अधिकृत भई कार्य गरेको अनुभव समेत रहेको छ । नेपाल राष्ट्र बैंकमा नै रहँदा समस्यग्रस्त नेपाल सेयर मार्केट फाइनान्समा व्यवस्थापन प्रमुख भएर कार्य गरेको अनुभव समेत रहेको छ । नियामक निकाय र वित्तीय संस्थामा कार्यनुभव भएका घिमिरेको कार्याकालमा समृद्धि फाइनान्सले समृद्धिको यात्रा चुम्ने विश्वास संस्थाले लिएको छ ।

## कुमारी बैंकले ल्यायो बम्पर उपहार योजना

**काठमाडौं (प्रस)–** कुमारी बैंकले नयाँ योजना 'टपअप र फोन पे डाइरेक्ट गरौं, बम्पर उपहार जितौं !' सार्वजनिक गरेको छ । यस योजना अन्तर्गत ग्राहकहरूले आकर्षक उपहारहरू जित्न सकिने छ । योजनाअनुसार बम्पर उपहारमा आईफोन-१६ रहेको छ भने हरेक हप्ता १०० जनालाई रु.१०० को मोबाइल रिचार्ज उपहार समेत रहेको छ ।




यस योजनामा सहभागी हुनका लागि ग्राहकहरूले कम्तीमा रु. १०० को मोबाइल टपअप र कम्तीमा रु. ५०० को फोनपे डाइरेक्ट कारोबार अफर अवधिभित्र पूरा गर्नुपर्नेछ । यस प्रक्रियालाई पूरा गरेपछि, ग्राहकहरू साप्ताहिक तथा बम्पर उपहारको लागि स्वत: योग्य हुनेछन् । यस अन्तर्गत, प्रत्येक हप्ता १०० जना भाग्यशाली विजेताहरूले रु. १०० को मोबाइल टपअप जित्न सक्नेछन् । साथै, योजना समाप्त भएपछि सहभागी मध्यका एक जना भाग्यशाली विजेताले बम्पर उपहार स्वरूप नयाँ आइफोन-१६ जित्ने अवसर प्राप्त गर्नेछन् । यो योजना १ बैंशाख २०८२ देखी ३१ बैशाख २०८२ गतेसम्म सञ्चालन हुनेछ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ